www.janaakash.com.np

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १६, अंक- २९, २०८० साल फागुन १५ गते मंगलबार (Feb 20, 2024) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइलः ९८५१०८७१५६

Email : janaakash.com.np@gmail.com

## इन्जिनियरिङमा २९ जना डीन



पोखरा- चाँगुनारायणस्थित नेपाल इन्जिनियरिङ कलेज (नेक)का २९ जना विद्याथीहरु पोखरा विश्वविद्यालयको डीन लिस्टमा पर्न सफल भएका छन । पोखरा विश्वविद्यालयको १९ औं दिक्षान्त समारोहमा कलेजका स्नातक तथा स्नातकोत्तर तहमा उत्कृष्ट अंक ल्याउने २९ जना विद्याथीहरु डीन लिस्टमा परेका हुन ।

कलेजका २ विद्याथीले कुलपति पदक समेत प्राप्त गरेका छन । ट्रान्सपोटेसन इन्जिनियरिङ एण्ड मेनेजमेन्टमा स्नातकोत्तर उत्तीर्ण विद्याथीद्वय विबेक बाबु लामिछाने र रोमहर्ष ओली कुलपति पदकबाट विभुषित भएका हुन ।

कलेजको स्नातक तहको सिभिल इन्जिनियरिङ, सिभिल एण्ड रुरल, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन, सिभिल फर विडिएच, कम्प्युटर इन्जिनियरिङ, आर्किटेक्ट इन्जिनियरिङका विद्याथीहरु डीन लिस्टमा परेका हुन ।

उनीहरुलाई मंगलबार पोखरा विश्वविद्यालयले आयोजना गरेको दिक्षान्त समारोहमा शिक्षामन्त्री समेत रहेका विश्वविद्यालयका सहकुलपति अशोककुमार राईले दिक्षित गरे । विश्वविद्यालयले सो अवसरमा १७ जनालाई गोल्ड मेडल प्रदान गरेको थियो भने डीन लिस्टमा पर्नेहरु ६४७ जना रहेका थिए ।

» बाकी ६ पृष्ठमा

# पर्यटन क्षेत्रमा पलाएको आशा

■ **मोहन कार्की**

काठमाडौ । नेपालमा यतिवेला धेरै क्षेत्रहरुमा निरासा बढ्दै गएर आर्थिक मन्दी, जस्ता समस्याले मानिसहरुमा समस्या थपिहरेको छ । व्यापार भईराखेको छैन । मानिसहरुले खर्च गर्न खोजिराखेका छैनन् । बजार संकुचन हुदै गएको छ ।

भोलि के हुने हो भन्ने डरले मानिसहरुले भएका पैशा पनि लगानी गर्न डराई राखेका छन् । उत्साह कतै देखिदैन । यस्तो वेलामा नेपालको पर्यटन क्षेत्र भने विस्तारै लय लिदै गएको छ ।

२०१९ को कोभिड माहामारीमा चौपट भएको पर्यटन क्षेत्र नराम्ररी प्रभावित भएको थियो । कोभिडको संक्रमणकालीन अवस्था पछि अन्य व्यवसायहरु विस्तारै लयमा फर्किएका थिए । तर पर्यटन क्षेत्र लयमा फर्किन नसक्दा होटल व्यावसाय, पर्यटन सँग सम्बन्धित निकायहरु समेत प्रभावित भएका थिए ।

पछिल्लो समय अन्य क्षेत्रहरु पुनः प्रभावित भए तर पर्यटन क्षेत्रले भने लय लिदै गएको छ । यस पर्यटन क्षेत्र लयमा फकिएको हुनाले नेपालमा यतिवेला आसाको किरण फैलन थालेको छ ।

नेपालमा फागुन शुरुवात देखि नै हिमाली क्षेत्रमा पर्यटन भित्रने समय हो । यो समय शुरुवात हुनु अगावै विगतको कोभिडको समयमा जसरी नै टुरिज्म ट्रभल्स एजेन्सीहरुमा पर्यटकले बुकिङ गरिरहेको पर्यटन व्यवसायीहरुले बताएकाछन् ।

यही रेस्योमा पर्यटक बढ्ने हो भने नेपालको मुख्य सिजनमा विदेशी पर्यटकहरु उल्लेखिय



मात्रमा बढ्ने र नेपालको ओरालो लाग्दै गरेको अर्थतन्त्रलाई समेत पर्यटन क्षेत्रवाट केही मात्रमा भएपनि राहात पुग्ने पर्यटन व्यावसायीहरुले बताउन थालेका छन् ।

नेपालले आफ्नो उत्पादन केही नभए पनि युवाहरुलाई विदेशमा पठाएर रेमिट्न्यासवाट देशको अर्थतन्त्रको ब्यापार घाटा कम गर्दै आएको छ । नेपालले विद्युतको क्षेत्रमा गरेको प्रगतिले हाल बर्षा याममा विद्युतमा भारतलाई विद्युत बेचेर आफ्नो आम्दानी बढाउन थालेको छ । विगतमा लोड सेडिङ हुदा हिउद- बर्षा नै नेपाललाई अपुग विद्युत भारतवाट खरिद गर्नुपर्ने अवस्था थियो । हाल विद्युतमा विदेशमा जाने रकम पनि केही हदसम्म राष्ट्रमा नै जम्मा हुने गरेको छ । त्यसैगरी बार्षिक खरबौ रुपैया विदेशमा पेट्रोललियम पदार्थमा रकम जाने गरेको थियो हाल विद्युतिय सवारी साधनहरुले केही मात्रमा भएपछि पेट्रोलियम पदार्थमा कमी ल्याउने भएका छन् ।

नेपालका सवै सकियो भत्कियो भन्ने ठाउँहरु मात्र छैनन् । केही आसा लाग्ने क्षेत्रहरु पनि बन्दै गएकाछन् । समाजलाई निरासा तिर मात्र होइन आसा र विश्वास आत्म विश्वास जगाउने र नेपाल विकसीत र सम्भावना भएको मुलुक हो भन्ने वातावरण सवै नेपालीहरुले मिलेर बनाउन थाल्यौ भने असम्भव केही पनि छैन । पैशा भएकाहरुले निधक्क लगानी गरेर रोजगार सृर्जना गर्ने काम गर्नुपर्छ ।

» बाकी ६ पृष्ठमा

## बजेट कार्यान्वयन कमजोर : डा. राणा



काठमाडौं- नेपाली कांग्रेसकी सांसद डा । आरजु राणा देउवाले नेपालमा बजेट कार्यान्वयन पक्ष धेरै नै कमजोर भएको बताएकी छन । सोमबारको प्रतिनिधि सभामा बोल्दै उनले सरकारले बजेट कार्यान्वयनको पक्षमा विशेष ध्यान दिन आग्रह गरेकी हुन ।

उनले बजेट दिनका लागि सांसदहरू हानथाप गर्ने तर कार्यान्वयनको पक्ष फितलो हुँदा नागरिकले खोजेको विकास पाउन नसकेको बताएकी छिन । 'आज हामी प्रि-बजेटको छलफल गर्न गइरहेका छौं, बजेटको लागि हामी सबै सांसदहरू हानथाप गर्दछौं । मेरो क्षेत्रमा हालिदिनुस भनेर तर दुई तीन दिन अघिको हेडलाइनमा १५ देखि २० प्रतिशत मात्रै प्रदेशमा बजेटहरू स्पेन्ट भयो भनेर । कार्यान्वयन पक्ष यति कमजोर छ, जति नै बजेट लगे पनि जनताले आफ्नो अपेक्षाअनुसार विकास पाइरहेको छैनन । नेपाल सरकारले बजेट कसरी खर्च गर्ने ? र कसरी राम्रोसँग कार्यान्वयन गर्ने भन्नेतर्फ ध्यान दिन आवश्यक छ । उन्ले भनिन ।

राणाले कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिले सरकारलाई दुग्ध किसानको भुक्तानी गर्न दिएको निर्देशन कहाँ पुग्यो भन्दै प्रश्नसमेत गरिन । 'कार्तिकको १५ गते कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिले सरकारलाई दुग्ध किसानको पेमेन्ट गर्न निर्देशन पठाएको थियो । अहिले कहाँ पुग्यो भनेर सभामुखमार्फत सरकारलाई ताकेता गरिदिन आग्रह गर्दछु, उनले भनिन ।

## विराटनगर जुट मिलस्मा आगलागी

विराटनगर- बन्द अवस्थामा रहेको विराटनगर जुट मिल्समा आगलागी भएको छ । विराटनगर महानगरपालिका-१६ मा रहेको नेपालको पहिलो उद्योगमा मंगलबार राति आगलागी भएको हो ।


आगलागीबाट २० लाख बराबरको क्षति भएको मोरङका प्रहरी नायव उपरीक्षक ९डीएसपी० रञ्जनकुमार दाहालले बताए । बन्द उद्योगमा कसरी आगलागी भयो भन्ने खुलेको छैन । कसैले आगो लगाएको जस्तो देखिएको र घटनाको अनुसन्धान भइरहेको प्रहरी स्रोतले बतायो ।

'आगो सुरु भएको स्थानमा विद्युत सर्ट हुनसक्ने सम्भावना नभएका कारण कसैले आगो लगाएको हुनसक्छ, । प्रहरी स्रोतले भन्यो, 'घटना शंकास्पद भएकाले दायरा फराकिलो बनाएर अनुसन्धान सुरु गरिएको छ ।

बन्द अवस्थाको जुट मिलको 'स्वप्नर ब्लिचिङ डिपार्टबाट राति ९ बजेतिर अचानक आगलागी सुरु भएको थियो । जुटका बोरा बनाउन प्रयोग गरिने धागोलाई अन्तिम रूप दिने डिपार्टबाट आगलागी सुरु भएको र बोरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ जलेको प्रहरीले जनाएको छ । मिलका दुई वटा पुराना मेसिनमा पनि क्षति पुगेको छ ।

विक्रम संवत १९९३ सालमा स्थापना भएको विराटनगर जुट मिल नेपालको पहिलो उद्योग हो । विराटनगर जुट मिल्स २०७८ साल माघदेखि बन्द छ । पछिल्लो समय सरकारले बन्द रहेका उद्योग सुरु गर्न चासो देखाएपछि भारतीय व्यापारिक समूह बिड्ला ग्रुपले मिलको वस्तुस्थिति अवलोकन गरेको थियो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय बासिन्दा र विराटनगर महानगरपालिकाका दमकलको सहयोगमा बुधबार राति १ बजेतिर आगो नियन्त्रणमा लिइएको थियो ।



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २९, २०८० साल फागुन १५ गते मंगलबार (Feb 20, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### छोटो समयमा हुने सरकार परिवर्तनले देशको हित गर्दैन ।

केही दिनदेखि सरकारमा रहेको गठबन्धन पार्टीका नेताहरुको अभिव्यक्ति सुन्दा छिट्टै सरकार परिवर्तन हुने संकेत देखिएको छ । हुनत २०७९ मा भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको परिणाम आएपछि सरकारमा जानको लागि र सरकारको नेतृत्वको बिषयलाई लिएर निक्कै चर्चा परिचर्चा भएका थिए ।

नभन्दै निर्वाचनको वेला नेपाली काँग्रेससँग गठबन्धनमा मिलेर गएको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एकाएक नेपाली काँग्रेसलाई छोडेर रास्वपा, एमाले, राप्रपा, स्वतन्त्र लगायतको समर्थनमा प्रधानमन्त्री हुन पुगेका थिए । त्यसको ३ महिना पुग्न नपाउदै पुनः नेपाली काग्रेसको सर्मथन, एकीकृत समाजवादी पार्टी लगायतको मन्त्री मण्डल विस्तार गरेका प्रचण्डले एमालेलाई सरकारवाट बाहिर प्रतिपक्षको रुपमा पठाएका थिए ।

यतिवेला सरकार गठनमा नेपाली काँग्रेस र एमाले मिलेर सरकार बनाउने हल्ला पनि बजारमा सुन्न थालिएको छ । एकातिर भने अर्कोतिर नेपाली काँग्रेसको महासमिति बैठकले माओवादीसँगको सरकारमा सहभागिताको बिषयलाई समिक्षा गर्ने बताईरहेको छ । अर्कोतर्फ राष्ट्रियसभा अध्यक्षमा कसलाई लैजाने भन्ने बिषयमा सरकारमा रहेका पार्टीहरु बीच सहमति भएको देखिदैन । विशेष गरेर नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्र बीचमा ।

यि घाटनाक्रम हेर्दा सरकार फेरबल हुने सम्भावना बढी देखिन्छ । यसरी राजनीतिक पार्टीका स्वार्थ केन्द्रीत राजनीतिले देशको हितमा काम गर्दैन ।

विगतमा पनि यस्तै छोटो समय अवधिमा सरकार परिवर्तन हुने सरकारमा जान अनेक खालका षयन्त्रहरु हुने गरेका थिए । यस्तै समयस्याहरु विगतका ऐन कानुनमा तुटी देखिएको भनेर २०७२ सालमा लोकतान्त्रिक गणतान्त्रिक संविधानले २ बर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाउने व्यवस्था गरेको छ । त्यो हुदाहुदै पनि सरकारको नेतृत्व गरेको माओवादी केन्द्रका अध्यक्षले सरकार बनाएको ३ महिना पुग्न नपाउदै नेकपा एमालेका मन्त्रीरुलाई निकाला गरेका थिए ।


अहिले पुनः त्यही नेकपा एमाले पार्टीसँग मिलेर सरकारको नेतृत्व माओवादीले गर्ने र नेकपा एमालेवाट मन्त्रीमा केही भागबण्डामा सरकारमा जाने पनि हल्ला सुनिन थालेको छ ।

यस्तो हुनु भनेको देशको हितमा भने हुदैन । हुनत जनतालाई जुनसुकै पार्टीको सरकार आए पनि मतलव छैन भन्ने गरेका छन् । तर छिट्टो छिट्टो सरकार परिवर्तन हुदा हुन लागेका कामहरु प्रभावित हुने गरेकाछन् । यस्तै वाहाना बनाएर कर्मचारीहरुले पनि विगतका मन्त्रीले देश र जनताको पक्षमा बनाएको योजना नयाँ मन्त्री आएपछि फलानो मन्त्रीको पालामा भएको त होनि भनि त्यसलाई तर्क दिएर हुने कामहरुलाई नहुने वातावरण वनाउने गर्ने गर्दछन् ।

नयाँ आउने मन्त्री आएपनि कतिदिन त टिक्लान् कर्मचारी, जनता सवैतिर अविश्वास हुने गरेका कारण जनताको विश्वास नै नहुने सरकार जस्तो देखिने, देश र जनताको पक्षमा कामहरु गर्न कठिन हुने अवस्थाहरु विगतमा देखिएका छन् ।

त्यसकारण सरकार परिवर्तन गरिरहनु अल्भिरहनु देशको हितमा हुदैन । देशलाई गतिशील र विकास गराउन स्थिर सरकारको आवश्यक छ ।

# धर्म र अधिकारमा प्रेम र घृणाको सम्बन्ध



कपिल काँले

विश्वव्यापी मानवअधिकारको घोषणापत्र विभिन्न धार्मिक ग्रन्थमा व्यक्त मानवीय हितका प्रावधानहरुका आधारमा तयार भएको हो। तर कतिपय क्षेत्रमा धर्म र अधिकारबीच हिरण्यकश्यपु र प्रह्लादबीचको सम्बन्ध छ- नातामा बाबु-छोरा, कर्ममा भिन्न ध्रुव।

यसका उदाहरण धेरै छन् । धर्म-संस्कृतिले भन्छ, मासिक श्रावका बेला महिलालाई पर राख, मानवअधिकारले भन्छ, त्यसो गर्नु विभेद हो । धर्मग्रन्थले भन्छ, पुरुषले बहुविवाह गरे हुन्छ, तर महिलाले हुँदैन । मानवअधिकारले पुरुष वा महिला भएकै कारण भिन्न नियम लगाउन पाइन्न भन्छ भने धर्मग्रन्थले महिला र पुरुषलाई कामको जिम्मेवारी र अधिकारमा कित्ताकाट गरेको छ, तर मानवअधिकारको विश्वव्यापी घोषणापत्र पढ्दा लिङ्ग, जाति, धर्म, रंग, सम्प्रदाय, क्षेत्र, वर्ण आदि कुनै पनि आधारमा यस्तो विभेद गर्न पाइन्न ।

भर्खरै फाल्गुण ७ गते प्रजातन्त्र दिवस मनाइयो, सात साललाई स्मरण गरियो, जहानिया राणाशासन ढलेको इतिहास याद गरियो । शहीदको शालिकमा माल्यार्पण गरियो । तर माला लगाउने कुनै शालिक ब्राह्मणको थिएन, न त महिलाको नै थियो । किनभने राणाकालमा ब्राह्मणलाई मृत्युदण्ड दिइन्नथ्यो। महिलालाई पनि त्यस प्रकारको सजाय हुन्नथ्यो । उनीहरु मृत्युदण्डबाट मुक्त थिए । धर्मले जात र लिङ्गका आधारमा विभेद गरेको थियो । तर, आधुनिक कानुनमा सामान्यतः यस प्रकारको विभेद छैन । यद्यपि मुस्लिम समुदायमा बुर्का लगाउने धार्मिक अधिकारको विषय हो कि लगाउनै पर्ने बाध्यताले मानवअधिकारको हनन गरेको हो, विवाद कायम छ । यस्ता उदाहरण प्रायः सबै धर्ममा देखिन्छन् ।

सनातन हिन्दु धर्म, बौद्ध धर्म, इसाई र इस्लाम धर्मका मूलग्रन्थहरु क्रमशः गीता, त्रिपिटक, बाइबल र कुरानमा महिलाको स्थान देखाउँदै यस पंक्तिकारले एक दर्जन जति भिडियो सार्वजनिक गरेपछि प्रस्तोतालाई शुभचिन्तकहरुले भन्नुभयो- धर्मग्रन्थहरुले महिलालाई पक्षपात गरेको, पुरुषलाई बढी महत्व र अधिकार दिएको तर महिलालाई तुलनात्मकरुपमा निकै कम महत्व दिएको र पुरुषको अधिनस्थ हुने गरी सीमित अधिकार दिएको प्रमाणित भयो।

यसरी त श्रोता-दर्शकहरुमा हाम्रा धर्म, मान्यता, परम्परा र सभ्यताप्रति नै विश्वास घटेर जाने भयो, धर्मग्रन्थहरुमा राम्रा कुराहरु पनि त होलान्, त्यसलाई पनि बाहिर ल्याउनुस् ! यद्यपि हरेक भिडियोमा प्रस्तोताले धर्मग्रन्थभित्र रहेको लैङ्गिकता मात्र हेरेको हो, ती ग्रन्थभित्र जीवन दर्शनहरु छन्, सुख, शान्ति र मोक्षका मार्गहरुको चित्रण छ । त्यो गम्भीर सागरलाई चलाउने धृष्टता प्रस्तोताको होइन भन्दै पनि आएको छ, र महिलालाई जहाँ-जहाँ शास्त्रले छुटाएको छ, त्यहाँ हामी सचेत पाठकले परिपूरक प्रार्थना गर्नु आवश्यक छ भन्ने यस प्रस्तोताको आग्रह थियो ।

जस्तो, सप्तशति चण्डी अथवा स्वस्थानी व्रतकथामा देवीसँग छोरा मात्र मागिएको छ, छोरी मागिएको छैन, तर छोरी चाहिँदैन पनि भनिएको छैन, हामीले दुर्गा र स्वस्थानी माताको प्रार्थना गर्दा छोराका साथ छोरी पनि थपेर मागौं, देवी स्वयं महिला, उनी पनि प्रसन्न नै होलिन् । पुत्र देऊ, धन देऊ, यश देऊ, विजय देऊ, राम्री श्रीमती देऊ भनेर भगवतीसँग मागिएको ठाउँमा राम्री छोरी पनि देऊ भनी थपेर मागौं भन्ने मात्र प्रस्तोताको अनुरोध हो ।

मनुस्मृति होस् वा विदुर, चाणक्य र यस्तै अनेक धार्मिक नीतिहरु, त्रिपिटक, बाइबल, कुरान यी सबै पाँच हजारदेखि १५ सय वर्षअघिसम्मका विधानहरु हुन्, आजको नेपालको संविधान, २०७२ जस्तै । त्यस बेलाका कानुन हुन् । समय बदलियो, कानुन पनि बदलियो।

समाजलाई समसामयिक र बढी न्यायिक बनाउन नयाँ-नयाँ कानुन आए, समयको माग चिनेर मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा आएको छ। तर आजको संविधान र मानवअधिकारको विश्वव्यापी घोषणापत्रको जगलाई बिर्सन हुन्न । जग फेरि पनि गीता, त्रिपिटक, बाइबल र कुरानहरु नै हुन् । यत्ति हो, त्यसभित्रका राम्रा पक्षहरु सर्दै आए, संस्कार सर्दै आउनु आवश्यक पनि छ । तर, एकथरी मान्छे हुन्छन्, परिवर्तनको कुरा त गर्छन्, तर परिवर्तन पचाउन्नन् ।

मातृजातिको मासिक श्राव छिःछिः र दुर्दको विषय होइन भन्दा स्वीकार गर्छन् तर सामाजिक र घरव्यवहारका अनेक गतिविधिबाट महिनाका चार दिन पर हट्छन्, हटाइन्छन् । हुन त सय वर्षअघि सतीप्रथा हटाउनुहुन्न भन्नेहरु पनि यस्तै अलमलमा थिए, दासप्रथा हटाउँदा होस् वा जार काट्दै हिँड्ने जंगली चलन निर्मूल गर्दा होस्, आज बालविवाह हटाउनुपर्छ भन्दा होस्, परिवर्तन पचाउन नसक्ने जमात यस्तै द्विविधामै रहन्छ । तर ढिलोचाँडो सतीप्रथा क्रूर र अमानवीय थियो भनेर आफैँ स्वीकार गर्छन् ।

त्यसो त धेरै ठाउँमा महिला जगत्लाई धर्मशास्त्रले विभेद गर्दागर्दै पनि सम्मान गरेका स्थानहरु पनि नभएका होइनन् । हो, धर्मशास्त्रले महिलालाई सम्मान पनि गरेको छ। मनुस्मृतिको दोस्रो अध्यायको १४५औं श्लोकमा भनिएको छः 'उपाध्यायान् दशाचार्य आचार्यानां शतं पिता, सहश्रं तु पितृन् माता गौरवेणातिरिच्यते।' अर्थात्, पुरोहितभन्दा दश गुणा श्रेष्ठ शिक्षक हुन्, शिक्षकभन्दा १०० गुणा श्रेष्ठ पिता र पिताभन्दा १००० गुणा श्रेष्ठ माता हुन् । यो त्यही मनुस्मृति हो, जसले स्त्री जातिलाई कहिल्यै स्वतन्त्र छोड्नुहुन्न, सानामा बाबु, जवानीमा श्रीमान् र वृद्धामा छोराको नियन्त्रणमा राख्न आदेश गर्दछ । तर माताका रुपमा महिलालाई सम्मान र मान्यता पनि उत्तिकै प्रदान गर्दछ । स्वामी रामसुखदास 'मातृशक्तिको घोर अपमान' कितावमा लेख्छन्, स्त्रीका दुई रुप छन्ः कामिनी रुप र मातृ रुप । विभिन्न धर्ममा जहाँ-जहाँ स्त्रीको निन्दा गरिएको छ, त्यो कामिनी अर्थात् भोग्या रुपकै निन्दा हो, मातृ रुपको होइन । मातृ रुपले त स्त्रीलाई पुरुषलाई भन्दा हजार गुणा श्रेष्ठ ठानेको छ ।

यसै गरी ईश्वरकोटीका पञ्चदेवमा महिलालाई पनि स्थान दिइएको छ । विष्णु, शंकर, गणेश र सूर्यका साथमा भगवतीको पनि नाम आउँछ । हिन्दु धर्ममा मात्र होइन, अन्य धर्मले पनि मातृ जातिको उच्च सम्मान गरेको छ । कुरानमा बाबुआमाको सेवा गर्न सन्तानलाई परवरदिगार अर्थात् ईश्वरको आदेश छ भनिएको छ । आमाले सन्तानलाई दुःखका साथ पेटमा राखेर हुर्काएकी र जन्माउँदा पनि दुःख पाएकी कारण उनको उच्च सम्मान गर्न अल्लाहले आदेश दिएको जनाइएको छ । यसै गरी बाइबलको निर्गमन २०-१२ मा आफ्ना पिता र माताको आदर गर्न भनिएको छ । त्यस्तै, माता र पिताको डर मान्न, वृद्ध अवस्थामा हेला नगर्न आदेश गरिएको छ । आमा-बाबुको आदेश र उपदेश मान्न सुझाव दिइएको छ ।

यद्यपि यही बाइबलले नयाँ नियम दुई १२-१५ मा महिलालाई पुरुषमाथि उपदेश र आदेश नगर्न निर्देश गरेको छ । स्वामी राम सुखदासको निष्कर्ष छ, धर्मशास्त्रले आमालाई देवता मानेको छ, मातृदेवो भव भनेको छ, तर भोग्या रुपको भने निन्दा गरेको छ । आधुनिक कालमा महिलालाई सर्वत्र भोग्याका रुपमा मात्र चित्रण गरिएका कारण धर्मशास्त्रले महिलालाई पक्षपात गरेको देखिएको हो भन्ने उनको धारणा छ ।

स्कन्दपुराणले आमालाई सबै गुरुहरुमध्ये परम गुरु मानेको छ । 'गुरुणां चैव सर्वेषां माता परमो गुरु', पतीत गुरुलाई त्याग गर, तर आमा कुनै पनि प्रकारले त्याज्य छैनन् भनिएको छ । यद्यपि निर्णयसिन्धुले दोस्रो विवाह गरेकी आमाको पहिलो श्रीमान्बाट जन्मेका छोराले अन्तिम क्रियाकर्म पनि गर्नुपर्दैन भन्छ, विवाहसँगै महिलाको गोत्र परिवर्तन हुने भएकाले पहिलो श्रीमान्का सन्तानले १३ दिने क्रियाकर्म गर्नु नपर्ने, सामान्य आशोच बारे पुग्ने तर्क दिन्छ।

आमाप्रति सम्मान गर्ने-गराउने कुरामा यदाकदा धर्मशास्त्र चुके पनि अधिकांशतः मातृशक्तिको आराधना नै छ । सबैतिर पुरुष प्रधानता देखाउने दुर्गा सप्तशतीमा पनि भनिएको छ, 'विद्याः समस्तास्तव देवी भेदाः, स्त्रियः समस्ता सकला जगत्सु ।' हे देवी, समस्त विद्या तिम्रै भिन्नभिन्न स्वरुप हुन्, संसारमा भएका सम्पूर्ण स्त्रीहरु तिम्रै मूर्ति हुन् । तिम्रो स्तुति गाएर सकिन्न, तिमी स्तुतिका वचनदेखि माथि छ्यौ ।

स्वामी रामसुखदासको निष्कर्ष छ, धर्मशास्त्रले महिलाको विवाह माता बन्नका लागि गर्नुपर्छ भनेको छ, तर आधुनिक युगले विवाह भोग्या बन्नका लागि गराउन थालेका कारण महिलालाई सर्वत्र लाञ्छना लाग्ने गरेको हो । महिलालाई असल आमा बन्न सिकाउने भन्दा शारीरिक रुपले सुन्दरी बन्न, कामुक देखिन र जसरी भए पनि पुरुषको मन लोभ्याउन सिकाउने परिवेश बनाइएका कारण मातृजातिको घोर अपमान भएको रामसुखदासको निष्कर्ष छ । आधुनिक युग स्त्री भ्रूणहत्याको युग बनेको छ, महिलालाई जन्मनुअघि नै हत्या गर्ने संस्कार धर्मले सिकाएको छैन । पराशरस्मृतिमा भनिएको छ, 'यत्पापं ब्रह्महत्याया द्विगुणं गर्भपातने' अर्थात् जुन पाप ब्रह्महत्या गर्दा लाग्छ, त्यसको दुई गुणा पाप गर्भपतन गर्दा लाग्दछ । गर्भपातरुपी पापको कुनै प्रायश्चित पनि छैन ।

धार्मिक नीतिका आधुनिक व्याख्याताहरुका अनुसार महिलालाई सानामा बाबु, जवानीमा श्रीमान् र वृद्धामा छोराले हेर्छ भनेर महिलाको स्वतन्त्रता कुण्ठित पार्न खोजिएको होइन, पुरुषलाई महिलामाथिको जिम्मवारी सम्झाउनका लागि मात्र भनिएको हो । त्यस्तै, 'ढोल गवाँर शूद्र पशु नारी, सकल ताडना के अधिकारी' भनेको पनि महिलालाई पिट्नुपर्छ भनिएको होइन, ताडन गर्नु भनेको शिक्षा दिनु हो, धर्मशास्त्रले महिलालाई अपमानित गरेको छैन, बरु समताको दृष्टिले हेरेको छ भन्ने उनीहरुको पछिल्लो तर्क छ ।

निष्कर्षमा नीति व्याख्याताका दृष्टिकोणहरु पनि फेरिँदै छन् । सतीप्रथाजस्तै अविवेकी र असमान प्रथाहरु त्यागिने क्रममा छन् । धर्मका सुन्दर पक्षलाई स्वीकार गर्ने र आपत्तिजनक प्रावधानमा निरन्तर प्रश्न उठाउने हो भने 'ताडन भनेको पिटाइ होइन, प्रशिक्षण हो' भन्ने व्याख्याहरु यत्रतत्र भेटिनेछन् । हिरण्यकश्यपु र प्रह्लादबीच निकटता बढ्न सक्छ । दुवै पक्षबाट एक-आपसको भावनालाई सम्मान गर्ने मानसिकताको विकासका लागि निरन्तर प्रयास हुनु भने आवश्यक हुन्छ ।

सामाजिक सद्भाव र स्थायी शान्तिका लागि धर्म र अधिकारबाट धर्माधिकार हुनु आवश्यक छ। धर्मलाई कर्तव्यको फराकिलो दायरामा राखेर हेर्दा अधिकार र कर्तव्यबीच खासै भिन्नता पनि त देखिन्न !

# गीत सङ्गीतमा रङ्गिन सपना देख्दै विक्रम कार्की

*काठमाडौं- ओखलढुङ्गामा जन्मेका जादुमय आवाज गायकिमा अधभुत क्षमता भएका विक्रम कार्की जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा जोडिएका छन उनै कार्कीसँग गरेको कुराकानीलाई हामीले यसरी प्रस्तुत गरेका छौँ ।*



**गीत सङ्गीतको भविष्य कस्तो छ जस्तो लाग्छ तपाइलाई ?**

गीत सङ्गीतको भविष्य म राम्रो नै देख्छु, निरन्तर रुपमा लागि परियो भने असम्भव भन्ने हुँदैन । हुनत मलाई त्यति धेरै गीत सङ्गीतको बारेमा थाहा पनि छैन । गीत सङ्गीत सिकेर अगाडी बढ्ने क्रममा छु । एक दिन सफल गायक बनेर देशलाई चिनाउँछु भन्ने आस लिएको छु ।

**कस्ता खालका गीत सुन्ने गर्नुहुन्छ ?**

म सबै प्रकारको गीत सुन्ने र गुनगुनाउने गर्छु । तर धेरै सुन्ने र गुनगुनाउने भनेको आधुनिक गीत नै हो । म हरेक समय गीत गुनाउने गर्छु मलाई गाउनको लागि कुनै समयको आवश्यक पर्दैन् "सुखमा दुखमा हरेक परिस्थितिमा म गीत गाउने गर्छु साथी जस्तै भइसक्यो मेरो गीत सङ्गीत हरेक बेला गाउन पर्ने हरेक समय सुन्न पर्ने ।" गीत त म सबै प्रकारका सुन्छु तर मलाई गाउन आधुनिक गीत मन पर्छ ।

**गीत सङ्गीतमा लाग्न घरपरिवारबाट कस्तो खालको साथ सर्पोट पाउनु भएको छ ?**

गीत सङ्गीत क्षेत्रमा लाग्न मेरो घर परिवारले एकदमै साथ सर्पोट गर्नुहुन्छ । घर परिवारको पनि ठुलो सपना छ म स्थापित गायक भएको हेर्ने । स्कुल कलेजको साथिभाइ र गुरुहरूले पनि धेरै सर्पोट गर्नुहुन्छ । म स्कुल कलेजको प्रोग्राममा भाग लिएर गीत गाउने गर्थे मेरो आवाज सुनेर सबै जनाले हुटिङ लगाउँदै वा विक्रम वा भन्ने गर्थे । गीत सङ्गीतमा लाग्न सबैको साथ सर्पोट पाएको छु । केही गीत बजारमा ल्याएको र लोकप्रिय कार्यक्रम इन्द्रेणीमा समेत गाउने अवसर पाएको छु ।

**गीत स□ीत भनेको के हो जस्तो लाग्छ ?**

गीत सङ्गीत भनेको मेरो रहर हो । मलाई सानैदेखि रहर थियो गायक बन्ने गाउँघरमा हुने मेला महोत्सव रमाइलो पर्वमा म घरबाट भागी भागी हेर्न जाने गर्थे । गायक गायिकाले स्टेजमा गीत गाएको देख्दा मलाई पनि गाउन मन लाग्थ्यो मन मनै सोच्ने गर्थे, कहिले गायक बनेको सपना देख्थे । गीत सङ्गीतमा भविष्य बनाउने मेरो ठुलो सपना छ ।

**भोलिका दिनमा तपाईंको आवाजबाट कस्ता खालका गीत दर्शकले सुन्न सक्छन् ?**

भोलिका दिनमा मेरो सबै प्रकारका गीत दर्शकले सुन्न सक्छन् । अब केही गीतको तयारीमा पनि छौ हामी । केही समय अघि मैले "गल्तीबाट धेरै कुरा सिक्न पर्ने रैछ " बोलको गीत बजारमा ल्याएको थिए । त्यो गीतबाट दर्शक श्रोताको धेरै माया पाए । सोचेको पनि थिएन छोटो समय मानै दर्शकको यति धेरै माया पाइन्छ भन्ने । भोलिका दिनमा दर्शकले मेरो आवाजबाट सबै प्रकारका गीत सुन्न सक्छन । मेरो सिर्जनालाई सबैले माया गरिदिनु होला भन्दै विक्रम काकी जन आकाश मिडियासँग बताउँछन् ।

# ललिता निवास खाली गराउँन महानगरको निर्देशन



काठमाडौं- काठमाडौं महानगरपालिकाले वडा नं । ४ मा रहेको ललिता निवास क्षेत्रबाट आफैँ हट्न व्यक्ति, कम्पनी र संघसंस्थाहरुलाई अनुरोध गरेको छ । महानगरपालिकाले आज सार्वजनिक सूचनामार्फत ७ दिनको अवधि दिएर ललिता निवास क्षेत्र खाली गरिदिएर सार्वजनिक सम्पत्तिको संरक्षण गर्न सहयोगका लागि अनुरोध गरेको हो ।

बालुवाटारस्थित ललित निवासको सरकारी जग्गा व्यक्तिको नाममा किनबेच तथा नामसारी भएको मुद्दामा विशेष अदालतले उक्त जग्गा सरकारको हुने फैसला यही फागुन ३ गते गरेको थियो । 'विशेष अदालत, काठमाडौंबाट वादी नेपाल सरकार र प्रतिवादी कलाधर देउजा समेत १७५ जना भएको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको मुद्दामा २०८० फागुन ३ गते भएको फैसलाबाट काठमाडौँ महानगरपालिका वडा नं ।४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको जग्गा जफत ९सरकारी० भएको छ, महानगरपालिकाले सूचना प्रकाशन गर्नुपर्ने कारण जनाउँदै भनेको छ, 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद- १३ स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्थाअन्तर्गत दफा ९७ ९१० ले काठमाडौँ महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत संभार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानुनी दायित्व महानगरपालिकालाई तोकेको छ ।

विशेष अदालत, काठमाडौँको उक्त फैसलाबाट जफत ९सरकारी० भएको काठमाडौँ महानगरपालिका वडा नं ।४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको सरकारी सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गर्न यो सूचना प्रकाशित गरिएको छ ।

सार्वजनिक स्थान छोड्ने सम्बन्धमा सूचनामा भनिएको छ, 'यो सूचना प्रकाशित भएको मितिले ७ ९सात० दिनभित्र उक्त ललिता निवास क्षेत्रमा रहेका व्यक्ति, कम्पनी तथा संघ संस्थाहरु सो क्षेत्रबाट हटी सरकारी सम्पत्तिको संरक्षण तथा उचित प्रबन्ध गर्ने कार्यमा महानगरपालिकालाई सहयोग गर्नुहुन अनुरोध गरिन्छ ।

सूचनाले तोकेको समयभित्र सो क्षेत्रबाट नहटेमा प्रचलित कानुन बमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिने महानगरपालिकाले जनाएको छ ।

पञ्चायती व्यवस्थामै सरकारले ललिता निवासको करिब २०० रोपनी जग्गा अधिग्रहण गरेको थियो । तर २०४६ सालको जनआन्दोलनपछि नयाँ सरकार बनेपछि राजनीतिक कारणले जफत भएको जग्गा फिर्ता हुने निर्णय गरेको थियो ।

त्यसक्रममा सुवर्णशम्शेरको परिवार, भूमाफिया र कर्मचारी मिलेर ललिता निवासको १४३ रोपनी जग्गा हिनामिना भएको ठहरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन पूर्वमन्त्रीसहित १७५ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।पूर्वमन्त्रीहरु विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीले सफाइ पाएका छन ।

यो प्रकरणमा पूर्व सचिवहरू दीप बस्न्यात र छविराज पन्तसहित ८० जनाभन्दा बढीलाई विशेष अदालतले दोषी ठहर गरेको छ । भूमाफिया किटान गरिएका भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मीनबहादुर गुरुङ, शोभाकान्त ढकाल र रामकुमार सुवेदीलाई दुई वर्षको कैद सजाय सुनाइएको छ ।

# रामेछाप डायरी

## रामेछापमा दादुरा-रूबेलाको खोप अभियान सुरू



रामेछाप जिल्लाको २ वटा स्थानियतहमा आज(आईतबार) देखी दादुरा-रुबेला विरुद्धको खोप अभियानमा सुरु भएको छ । रामेछाप नगरपालिका र लिखुतामाकोशी गाउँपालिकाका सबै वडाहरुमा खोप अभियान सुरु भएको हो । आज(आईतबार) देखी फागुन १५ गतेसम्म ९ महिनादेखि ५ वर्ष उमेर समूहका बालबालिकालाई खोप लगाइने छ ।

रामेछाप नगरपालिकाका नगर प्रमुख लबश्री न्यौपानेले जिल्ला अस्पताल रामेछापमा रहेको खोप केन्द्रबाट खोप अभियानको शुभारम्भ गर्नुभयो । उहाँले स्वास्थ्यकर्मीलाई खोप हस्तान्तरण गरेर अभियानको उद्घघाटन समेत गर्नुभयो । उहाँले नगरपालिकाको ९ वटै वडाहरुको खोप केन्द्रबाट खोप लगाइने भएकोले ९ महिनादेखि ५ वर्ष उमेर समूहका बालबालिकालाइ नजिकैको खोप केन्द्रमा खोप लगाउन लैजान अनुरोध गर्नुभयो ।

दादुरा-रुबेला विरुद्धको खोप अभियानमा रामेछापका ११ हजार बढी बालबालिकालाई खोप लगाइने छ । जिल्लाको ८ वटै स्थानिय तहका ६४ वटै वडामा रहेका ११ हजार ६ सय ८९ बालबालिकालाई खोप लगाइने स्वास्थ्य कार्यालय रामेछापले जानकारी दिएको छ ।

जिल्लाको रामेछाप नगरपालिका र लिखु तामोकोशी गाउँपालिकाको सबै वडामाहरुमा फागुन १३ गतेदेखी १५ गतेसम्म खोप अभियान संचालन हुनेछ । फागुन २१ गतेदेखी २३ गतेसम्म मन्थली नगर पालिका,गोकुलगंगा गाउँपालिका,सुनापति गाउँपालिका,खाँडादेवी गाउँपालिका,दोरम्बा शैलुङ्ग गाउँपालिका र उमाकुण्ड गाउँपालिकाको सबै वडाहरुमा अभियान संचालन हुनेछ ।

## ट्राफिक प्रहरी रामेछापले ७ महिनाको अवधिमा उठायो ४५ लाख बढी राजश्व



जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले ७ महिनाको अवधिमा ४५ लाख बढी राजश्व संकलन गरेको छ । ट्राफिक प्रहरीले चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि माघ महिनासम्मको अवधिमा ट्राफिक नियम विपरीत सञ्चालन भएका सवारी साधन कारबाहीबाट उक्त राजश्व संकलन गरेको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख दिपक चौलागाइका अनुसार ट्राफिक नियम विपरीत सञ्चालन भएका ४ हजार ९ सय बढी सवारी साधन कारबाहीबाट ४५ लाख बढी राजश्व संकलन गरिएको हो । साना तथा ठुला गरी चार हजार ९ सय ८५ सवारी कारबाहीबाट ४५ लाख ६३ हजार ५०० रुपैयाँ राजश्व सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार चालु आर्थिक वर्षको साउन महिनामा ३८५ सवारी साधन कारबाहीबाट तीन लाख ७१ हजार ५००, भदौ महिनामा ५५० वटा सवारी कारबाहीबाट पाँच लाख ६ हजार ५०० रुपैयाँ र असोज महिनामा ७५० वटा सवारी कारबाहीबाट ७ लाख ९ हजार रुपैयाँ र ाजश्व सङ्कलन भएको छ ।

त्यसैगरी कार्तिक महिनामा एक हजार ५० सवारी कारबाहीबाट १० लाख १६ हजार ५०० रुपैयाँ, मङ्सिर महिनामा ७०० सवारी कारबाहीबाट ६ लाख ४५ हजार ५०० रुपैयाँ,पौष महिनामा ८०० सवारी कारबाहीबाट ६ लाख ८९ हजार ५०० रुपैयाँ र माघ महिनामा ७५० सवारी कारबाहीबाट ६ लाख २५ हजार रुपैयाँ राजश्व सङ्कलन भएको हो ।

ट्राफिक प्रहरीले पछिल्लो समय जिल्लामा सवारी चेकजाँचमा कडाई गर्दै आएको छ । सिट क्षमताभन्दा बढी यात्रु बोक्ने,बढी भाडा लिने,कागजपत्र नभएका जस्ता नियम विपरित संचालन भएका सवारी साधन कारबाहीबाट उक्त राजश्व संकलन गरिएको जिल्ला ट्राफिक प्रहरी प्रमुख चौलागाइले बताउनुभयो ।

# आइएमई पेको नयाँ सुविधा सार्वजनिक




काठमाडौं- आइएमई पेले आइजीआई प्रुडेन्शियल इन्स्योरेन्स सँगको सहकार्यमा स्मार्ट हेल्थ- सुरक्षित भव नामक नँया बीमा सुबिधा सार्वजनिक गरेको छ । आइएमई पे मार्फत प्राप्त गर्न सकिने यो सेवाबाट ग्राहकले व्यक्तिगत दुर्घटना बिमा अन्तर्गत बिमित व्यक्ति र तिनका परिवारलाई आकस्मिक चोटपटक वा मृत्यु सम्मको अवस्थामा उच्चतम आर्थिक सुरक्षा प्रदान गर्दछ ।

मात्र रु ३ सय ६५मा प्राप्त गर्न सकिने यो सेवा मार्फत उपचारको क्रममा लाग्ने दुई लाख तीस हजार रुपैयाँ सम्मको बिमा दाबी प्राप्त गर्न सक्नुका साथै बिमित व्यक्तिले आइएमई पे एपमा उपलब्ध अन्य स्वास्थ्य सेवामा पनि बिभिन्न छुटहरू प्राप्त गर्न सक्ने छन ।

यस व्यक्तिगत दुर्घटना बिमाले दुर्घटनाबाट हुने आकस्मिक मृत्यु, स्थायी असक्षमता, कुल आंशिक असक्षमता, नियमित आम्दानीमा हुने हानि, आकस्मिक चिकित्सा खर्च, शोक व्यय तथा अन्त्येष्टि खर्चहरू समेत समेटेको छ ।


डिजिटल फाइनान्सियल सर्भिस मार्फत बिमाको दायरालाई थप फराकिलो बनाउन सकिने र यो सेवा उक्त कार्यमा एउटा कोसे ढुंगा साबित हुने विश्वास लिएको आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रविण रेग्मीले बताएका छन ।

आइएमई पे को बारेमाः

नेपालको पहिलो भुक्तानी सेवा प्रदायक आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धिधत ‘आइएमई पे मोबाइल वालेट एप अन्तर्गतको विद्युतीय भुक्तानी सेवा प्रदायक हो । नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फछ्यौट विनियमावली- २०७२ बमोजिम ‘आइएमई डिजिटल दूरसञ्चार सञ्जालको माध्यमबाट मोबाइल वालेट सेवा प्रदान गर्ने पहिलो कम्पनी हो । आइएमई पे मोबाइल वालेट मार्फत सेवाग्राही आफैले अथवा एजेन्टहरुको मार्फत विभिन्न किसिमको भुक्तानी कार्यहरू गर्न सक्नेछन । यसले व्यक्ति-व्यक्ति बीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधा देखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरूमा त्तच स्क्यान गरी भुक्तान गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिलहरू भुक्तान गर्न मिल्ने सेवा समेत प्रदान गर्दै आइरहेको छ ।

यस मोबाइल वालेटमा ब्याज तथा विभिन्न क्यासब्याकहरूको पनि सुविधा उपलब्ध छ । आइएमई डिजिटल सोलुसन लिमिटेडले बैंकिङ सुविधाबाट वञ्चित नेपाली तथा न्यून बैंकिङ सुविधा प्राप्त सम्पूर्ण सर्वसाधारण जनतालाई वित्तीय सेवाहरूको पहुँच उपलब्ध गराएर नेपालको वित्तीय समावेशीकरणमा योगदान पुर्याउने लक्ष्य लिएको छ । २० लाखभन्दा बढी ग्राहकहरूलाई सिधै मोबाइल वालेट एप तथा एजेन्टहरू मार्फत आइएमई पेले विद्युतीय भुक्तानी सेवा प्रदान गर्न सफल छ ।

# ठमेलको छायादेवी कम्प्लेक्सको व्यापार बढ्दै



काठमाडौं- ठमेलमा रहेको छायादेवी कम्प्लेक्सले सन् २०२३/२४को महिनामा ४१ करोड ३० लाख रुपैयाँको व्यापार (अपरिष्कृत) गरेको छ । छायादेवीले सन् २०२२/२३ मा ८३ करोड ७० लाख रुपैयाँको कारोबार गरेको थियो ।

सनु २०२२/२३मा होटलबाट हुने आम्दानि ६५ प्रतिशत बढेको छ । होटलबाट हुने आम्दानी ७१ करोड रुपैयाँ पुगेको छ । ७१ करोड रुपैयाँ पुगेको छ । २०२१/२२मा ४३ करोड १० लाख रुपैयाँ थियो । होटलको अकुपेन्सी दर २०२२/२३ मा ७४ प्रतिशत पुगेको छ । अघिल्लो बर्ष अकुपेन्सी दर ५२ प्रतिशत थियो ।

छायादेवी कम्प्लेक्समा १६७ कोठासहित पाँचतारे होटल अलफ्ट सञ्चालनमा छ । कम्लेक्सको ५१ प्रतिशत हिस्सा होटलले ओगटेको छ । बाँकी भागमा भने व्यापारिक कम्प्लेक्स चलिरहेको छ ।

छायादेवी कम्प्लेक्को बोर्ड अध्यक्ष पृथ्वीबहादुर पाँडे हुन । उनी नेपाल इन्भेष्टमेन्ट मेगा बैंककोसमेत अध्यक्ष हुन् । यस्तै, बोर्ड सदस्यमा सुमन बिक्रम पाण्डे, सुरिदराज घिमिरे र महेश्वव्र प्रकाश श्रेष्ठ कम्पनीको प्रबन्ध निर्देशक पनि हुन् ।

# सम्राट सिमेन्टको व्यापार ३.३७ अर्बमा सीमित



काठमाडौं- निर्माण उद्योगमा छाएको मन्दीका कारण सम्राट सिमेन्टको कारोबार एकैवर्ष साढे १ अर्ब रुपैयाँले घटेको छ । रेटिङ एजेन्सी केयर रेटिङ्सका अनुसार सम्राट सिमेन्टले सन् २०२२/२३मा ३ अर्ब ३७ करोड रुपैयाँको कारोबार गरेको छ । अघिल्लो वर्ष २०२१/२२ मा कम्पनीले ४ अर्ब ८७ करोड रुपैयाँको व्यापार गरेको थियो ।

२०२१/२२ मा ३ लाख ४२ हजार टन क्लिंकर बिक्री भएकोमा २०२२/२३ मा घटेर ७१ हजार ५६८ टनमा झरेको छ ।

यस्तै, सन् २०२०/२१मा सम्राटले ३ अर्ब ७० करोड रुपैयाँबराबरको सिमेन्ट बिक्री गरेको थियो । सम्राट सिमेन्टको उत्पादन क्षमता दैनिक ३६ सय टन छ । यसका साथै सम्राट सिमेन्टसँग दैनिक ४ हजार टन क्लिंकर उत्पादन गर्न सक्ने जडित क्षमता छ । सम्राट सिमेन्टको प्लान्ट दाङमा छ ।

कम्पनीले १२ अर्ब ४९ करोड रुपैयाँको बैंकिङ कर्जाका लागि रेटिङ गराएको छ । १० अर्ब १४ करोड रुपैयाँको दीर्घकालीन कर्जाका लागि एनपी डबल बी माइनस र २ अर्ब ३५ करोड रुपैयाँको अल्पकालीन कर्जाका लागि एनपी ए फोर रेटिङ पाएको छ ।

कम्पनीमा चौधरी समूहको तर्फबाट निर्वाण चौधरी र वरुण चौधरी सञ्चालक छन यस्तै, अनिल कुमार रुंगाटा कम्पनीको अध्यक्ष छन ।

# निजी क्षेत्रको प्रधानमन्त्रीसँग गुनासो



काठमाडौं- सरकारले अर्थतन्त्रमा निरन्तर सुधार भएको दाबी गरेपनि व्यवसाय बढ्न नसकेपछि निजी क्षेत्रले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई भेटेर व्यावसायिक वातावरण बनाउन आग्रह गरेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश कुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजन्द्र मल्लले आइतबार ‘प्रचण्डुलाई भेटेर वाह्य क्षेत्र सुधार हुँदै गएपनि बजार चलायमान हुन नसक्दा अर्थतन्त्र जोखिममा रहेको बताएका छन । उनीहरुले अर्थतन्त्रमा सुधारका लागि सरकारलाई गम्भीर हुन भनेका छन ।

ढकाल, अग्रवाल र मल्ल प्रधानमन्त्री दाहालले अर्थतन्त्रबारे जानकारी लिन भन्दै बोलाएपछि सिंहदरबार पुगेका थिए । उनीहरुले न्यून मागका कारण उद्योगहरु औसतमा ४० प्रतिशतभन्दा पनि कम क्षमतामा चलिरहेको जानकारी गराएका छन ।

कोभिडपछिको अपनाइएका नीतिले भुक्तानी सन्तुलन र विदेशी विनिमय संचितिमा उच्च सुधार भएपनि बजारमा कारोबार निक्कै सुस्ताएको तथा सरकार र नियामक निकायको नीतिका कारण साना व्यवसायीबाट सुरु भएको समस्या बैंक तथा वित्तीय संस्थामा पुगिसकेको पनि अवगत गराएको महासंघले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

‘न्यून माग छ, निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण प्रतिकूल छ र आयोजना निर्वाध रुपमा चलाउन सकिएको छैन,’ महासंघका अध्यक्ष ढकालले भने, ‘समस्या समाधानका लागि सरकार तप्पर हुनैपर्छ ।’ उनले बजारमा माग बढाउन सरकारले पूँजीगत खर्च बढाउनुपर्ने, गाउँ र साना सहरहरुमा रकम प्रवाह हुने गरी पुर्नकर्जा लगायत सुविधा विस्तार गर्नुपर्ने सुझाव दिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र जस्ता निकायले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणप्रति पनि व्यवसायीहरुले गुनासो गरेका छन । व्यवसायीप्रति सरकारी निकायकै दृष्टिकोण न्यायसंगत नभएको भन्दै उनीहरुले कानुनमै सुधार गर्न आग्रह गरेका छन ।

परिसंघका अध्यक्ष अग्रवालले व्यवसायीहरुलाई निर्वाध काम गर्ने वतावरण चाहिनेमा जोड दिए । ‘भारतमा व्यावसायिक कसुरमा जेल जाने प्रावधान हटाए जरिवाना बढाइएको छ,’ उनले भने, ‘यहाँ भने व्यवसायीहरु आतंकित छन, यस्तो व्यवस्थामा सुधार आवश्यक छ ।’

उनले पूँजीगत लाभकरमा लाग्दै आएको दोहोरो कर हटाउन, ऋणको पुनर्संरचना र पुर्नतालिकीकरण गर्न तथा निजी क्षेत्रलाई धेरै निकायले हेर्ने व्यवस्था अन्त्य गर्न माग गरे ।

चेम्बरका अध्यक्ष मल्लले घरजग्गा र सेयर कर्जामा रहेको जोखिम भारको व्यवस्थालाई एक सय प्रतिशतमा झार्न सुझाव दिए । जोखिम भार घटाए बजारमा माग बढ्ने उनको भनाइ छ । ‘अहिले १२५ प्रतिशत जोखिम भार छ । यसलाई एक सय प्रतिशतमा घटाउन सके बजारमा माग बढ्छ,’ उनले भने, ‘चालु पूँजी कर्जाको बिषय बैंक र ऋणीले नै तय गर्न सक्ने व्यवस्था पनि आवश्यक छ ।’

सरकारी स्वीकृति लिएर काम सुरु गरेका आयोजनामा अनावश्यक अवरोध भैरहेकामा पनि व्यवसायीहरुले प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । जवाफमा प्रधानमन्त्री दाहालले निजी क्षेत्रको सुझाव अनुरुप सुधारका लागि पहल गर्ने जवाफ दिए ।

# अर्थ संसार

## सिटी एक्सप्रेसको योजनाको उपहार हस्तान्तरण



काठमाडौं- सिटी एक्सप्रेस मनी ट्रान्सफरले काठमाडौं स्थित म्यारिएट होटलमा बिदेशबाट सिटी पठाऔं, पठाको भन्दा १० गुणा बढी पाऔं योजनाको उपहार हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको छ ।

बिदेशबाट सिटी पठाऔं, पठाको भन्दा १० गुणा बढी पाऔं योजना अन्तर्गत मेगा बम्पर उपहार साउदी अरबबाट रेमिटान्स पठाउने राजु तामाङलाई ५,३०,७५० ९अक्षरूपी पाच लाख तीस हजार सात सय पचास० र कोरियाबाट रेमिटान्स पठाउने सुबाश लिम्बुलाई रु १००,००० ९अक्षरूपी एक लाख० हस्तान्तरण गरिएको छ ।

उक्त कार्यक्रममा सिटी एक्सप्रेस मनी ट्रान्सफरका साझेदार साउदी स्थित टेलिमनी बैंकबाट फाहाद अब्दुल्लाह अल्जोवैद, नेपाली चचीत हास्य कलाकार साथै सिटी एक्स्प्रेस मनी ट्रान्सफरका ब्राण्ड एम्बेसडर जितु नेपालको उपस्थिती रहेको थियो ।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले गत असोज १५ देखी मङ्सिर १५ गते सम्म चल्ने गरी समस्त नेपालीहरुको महान चाड २०८० सालको दशैं, तिहार र छठ्लाई लक्षित गर्दै आफ्ना ग्राहक वर्गहरुसंग पर्वको खुशी साट्न लगातार ६१ दिन सम्म चल्ने बिदेशबाट सिटी पठाऔं, पठाको भन्दा १० गुणा बढी पाऔं उपहार योजना घोषणा गरेको थियो ।

सोही योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना १ जनालाई जनही रु १००,०००, हरेक हप्ता ५ जनालाई जनही रु २५,००० साथै ६१ दिन लगातार हरेक दिन १०० जना विजेताहरुलाई जनही रु ५०० को वालेट टप अप र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले आफुले पठाएको रकमको १० गुणा बढी रकम पाउने योजनामा रहेको थियो ।

जसअन्तर्गत ६१०० जनाले दैनिक उपहार ९ रु ५०० को वालेट टप अप०, ४५ जनाले साप्ताहिक उपहार ९ जनही रु २५,०००० र २ जनाले मासिक उपहार ९जनही रु १००,००० ० जित्न सफल भईसकेका छन । उक्त योजनाअसोज १५ देखी मङ्सिर १५ गते सम्मचलेको थियो ।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १७ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । हालै सिटी एक्सप्रेस मनी ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ ।

## ग्लोबल आइएमई बैंकको नयाँ एक्सटेन्सन काउन्टर चाबहिलस्थित पशुपति क्याम्पसमा




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले काठमाडौं महानगरपालिका वडा नं । ७, चाबहिल, मित्रपार्कस्थित पशुपति बहुमुखी क्याम्पसमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ ।

सेवाग्राहीको बढ्दो चाप र आवश्कतालाई मध्यनजर गर्दै बैंकले नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो ।

यो काउन्टर सञ्चालनमा आएसँगै बैंकका एक्सटेन्सन तथा राजश्व संकलन काउन्टरहरुको संख्या ६५ पुगेको छ ।

नयाँ एक्सटेन्सन काउन्टरबाट निक्षेप सङ्कलन गर्ने, नगद भुक्तानी गर्ने, मोबाइल तथा अनलाइन बैंकिङ्ग सेवा दिने, रेमिट्यान्सको सुविधा प्रदान गर्ने लगायत सबै किसिमका साधारण बैंकिङ्ग सेवाहरु उपलब्ध हुनेछन ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५५ शाखा कार्यालय, ३७८ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन ।

‘सबैका लागि बैंक□ भन्ने नाराका साथ बैंकले ४६ लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

# नेशनल मेडिकल कलेजद्वारा आयोजित नि:शुल्क स्वास्थ्य शिविरबाट २१ सय बढी बिरामी लाभान्वित

विरगञ्ज- नेशनल मेडिकल कलेजले रौतहटको दुर्गा भगवती गाउँपालिकामा नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ । फागुन ९ र १० गते दुई दिनसम्म सञ्चालन गरिएको नि:शुल्क स्वास्थ्य शिविरबाट १६ सय सर्वसाधारण लाभान्वित भएका छन ।

दुर्गा भगवती गाउँपालिकाको प्राङ्गणमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा कार्डियोलोजी, कार्डियो-भास्कुलर, न्यूरो सर्जरी सम्बन्धी सेवाहरु दिइएको थियो । शिविरको गाउँपालिकाका प्रमुख शम्भु कुमार सिंहले उद्घाटन गरेका थिए । कलेजले आम नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरेकोमा गाउँपालिका प्रमुख सिंहले प्रसंशा गरे ।

शिविरमा स्वास्थ्य जाँचका लागि आएका बिरामीहरुमा मधुमेह, उच्च रक्तचाप, मुटु रोग, मुटु भल्व रोग, घुँडाको दुखाई जस्ता समस्याहरु पाइएको छ । आफ्नै गाउँघरमा विशेषज्ञ चिकित्सक सहित नेशनल मेडिकल कलेजको स्वास्थ्य शिविर आएको थाहा पाएपछि उक्त पालिकाका गाउँगाउँबाट बिरामीहरु पुगेका थिए ।

नेशनल मेडिकल कलेजकी अस्पताल निर्देशक डा । इशर्त जहान अन्सारीका अनुसार सामाजिक उत्तरदायित्व अन्तरगत कलेजले समुदायमा केन्द्रीत स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।




शिविरमा १५ सय जनाको इसिजी र ११ सयको इको गरिएको थियो ।

यस्तै, कलेजले फागुन १२ गते बारा जिल्लाको कोल्हवीमा प्रसुति तथा स्त्री रोग सम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । शिविरमा ५ सयबढी महिलाहरुको स्वास्थ्य जाँच गरिएको थियो ।

शिविरमा ५० वर्षदेखि ६५ वर्ष उमेर समुहका महिलाहरु बढी आएका थिए । उनीहरुलाई नेशनल मेडिकल कलेजको प्रसुति तथा स्त्री रोग विभागका चिकित्सकहरुले स्वास्थ्य सेवा प्रदान गरेका थिए ।

शिविरबाट उक्त क्षेत्रका प्रसुति तथा स्त्री रोग सम्बन्धी समस्या भएका महिलाहरु बढी लाभान्वित भएका थिए । कलेजको स्वास्थ्य सेवालाई समुदाय स्तरसम्मै पुर्याउन समयसमयमा नि:शुल्क स्वास्थ्य शिविर गर्ने गरिएको छ ।

२०५६ साल भदौ ३२ गतेदेखि औद्योगिक नगरी विरगञ्जमा सञ्चालनमा आएको नेशनल मेडिकल कलेजको अध्यक्षमा वरिष्ठ सर्जन प्रा ।डा । जैनुद्दिन अन्सारी छन । कलेजले मधेस प्रदेशका जनता र सिमावती भारतीय क्षेत्रका लाखौं नागरिकलाई सर्वसुलभ शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै मेडिकल शिक्षा प्रदान गर्दै आइरहेको छ ।

## सर्लाहीमा ट्याक्टर दुर्घटना हुँदा २ जनाको मृत्यु, ७ घाइते



जनकपुरधाम- सर्लाहीको बरहथवामा मजदुर सवार ट्याक्टर बागमती नहरमा खस्दा दुईजनाको मृत्यु भएको छ। अन्य ७ जना घाइते भएका छन ।

मृत्यु हुनेमा बाराको गढीमाई नगरपालिका ९ का ५५ वषीय जयलाल सहनी र गढीमाईकै ५० वषीय रामनाथ सहनीको मृत्यु भएको प्रहरीले जनाएको छ । सर्लाहीका प्रहरी प्रवक्ता डीएसपी दिपेन्द्र पञ्जियार थारुका अनुसार आलु खन्न गइरहेका मजदुर सवार ट्याक्टर बरहथवा नगरपालिका १५ स्थित बागमती नदीको नहरमा खसेर दुर्घटना भएको हो ।

प्रहरीका अनुसार मृत्यु हुने जयलाल सहनीले ट्याक्टर चलाइरहेका थिए । उनी ट्याक्टर धनी हुन । घाइते ७ जनामध्ये आकाश सहनी र किसन सहनीको अवस्था गम्भीर छ । दुबै जनालाई उपचारको लागि वीरगञ्ज रेफर गरिएको डीएसपी थारुले बताए ।

अन्य समान्य घाइते पाँचजनाको गौर र गरुडामा उपचार भइरहेको छ। त्रिव्रगतिको कारण अनियन्त्रित भएर दुर्घटना भएको प्रहरीको अनुमान छ । घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

## बस्ती संरक्षणका लागि कालीगण्डकीमा तटबन्ध

बागलुङ- बागलुङ नगरपालिका-१ स्थित मालढुङ्गा क्षेत्रको बस्ती कालीगण्डकी नदीको उच्च जोखिममा परेपछि तटबन्ध गर्न थालिएको छ । जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङमार्फत तटबन्ध निर्माण जारी छ ।

चालू आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु ७० लाखबाट मालढुङ्गा बस्ती संरक्षणको काम भइरहेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङका इञ्जिनियर दीपेन्द्र पौडेलले जानकारी दिए । कालीगण्डकीले धार परि वर्तन गर्दा केही वर्षयता कटान तीव्र हुँदै आएको छ । अघिल्लो वर्ष पनि रु ६५ लाख लागतमा केही क्षेत्रमा तटबन्ध गरिएको थियो । लक्ष्मीनारायण मन्दिरसँगै मालढुङ्गाबाट खुदुर्के घाटसम्मको बस्ती संरक्षण गर्न थालिएको इञ्जिनियर पौडेलले बताए । गत पुस महिनादेखि निर्माण समिति गठन गरी तटबन्धको काम धमाधम भइरहेको छ ।

कालीगण्डकी निरन्तर दोहन हुँदा बर्खामा पानीको बहाव बस्तीसम्म पुग्ने गरेको थियो । तटबन्ध निर्माणपछि मालढुङ्गाको तटीय क्षेत्रका बस्ती, प्रहरीचौकी, लक्ष्मीनारायण मन्दिरलगायत संरचना जोगिने इञ्जिनियर पौडेलले बताए ।

इन्जिनियर पौडेलले भने, बर्खामा कालीगण्डकी उर्लेर आउँदा बस्तीमा बस्ने जोखिम बढेको थियो, अघिल्लो वर्ष केही भागमा काम भयो भने अहिले पनि करिब ४५ मिटर लामो तटबन्ध निर्माण हुनछ, जसका लागि निर्माण समिति गठन भएर काम सुरु भएको छ, हालसम्म ३० प्रतिशत काम सम्पन्न भएको छ, आगामी असार मसान्तसम्म सम्पूर्ण काम पूरा गर्न ठेकेदारलाई निर्देशन दिइएको छ ।

तटबन्ध निर्माण समितिका अध्यक्ष भुवन खड्काले पानीमुनि दुई मिटर पक्की पर्खाल उठाउने काम भइसकेको भन्दै अहिले त्यसमाथि ग्याविनसहितको 'पर्खाल उठाइरहेको बताए । बागलुङ प्रवेशद्वार नजिकै ऐतिहासिक लक्ष्मीनारायणको मन्दिर बन्दै गएको र तटबन्ध बनेपछि यहाँका धेरै घर सुरक्षित हुने उनले दाबी गरे । तटबन्धको कामलाई तीव्र बनाएका छौँ, पर्खाल उठाएर ढलान गर्ने काम भइरहेको छ, सम्झौ



ताअनुसार आठ मिटर उचाइ, ४५ मिटर लम्बाइ हुनेछ, सोअनुसार काम गरिरहेका छौँ, अध्यक्ष खड्काले भने ।

कालीगण्डकी निरन्तर दोहन हुँदा बर्खामा पानीको बहाव बस्तीसम्म पुग्ने गरेको थियो । तटबन्ध निर्माणपछि मालढुङ्गाको तटीय क्षेत्रका बस्ती, प्रहरीचौकी, लक्ष्मीनारायण मन्दिरलगायत संरचना जोगिने इञ्जिनियर पौडेलले बताए ।

इन्जिनियर पौडेलले भने, बर्खामा कालीगण्डकी उर्लेर आउँदा बस्तीमा बस्ने जोखिम बढेको थियो, अघिल्लो वर्ष केही भागमा काम भयो भने अहिले पनि करिब ४५ मिटर लामो तटबन्ध निर्माण हुनछ, जसका लागि निर्माण समिति गठन भएर काम सुरु भएको छ, हालसम्म ३० प्रतिशत काम सम्पन्न भएको छ, आगामी असार मसान्तसम्म सम्पूर्ण काम पूरा गर्न ठेकेदारलाई निर्देशन दिइएको छ ।

## ट्याक्सी यातायात व्यवसायीहरु आन्दोलित

काठमाडौं- ट्याक्सी यातायात व्यवसायीहरू आन्दोलित भएका छन । 'सम्पूर्ण ट्याक्सी यातायात व्यवसायी तथा स्वरोजगार मजदुर संयुक्त सङ्घर्ष समिति को नाममा आन्दोलन सुरु भएको हो ।

उच्च अदालत पाटनले ट्याक्सीको राष्ट्रिय मापदण्डको बारेमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को नाममा जारी गरेको परमादेश हुबहु कार्यान्वयन गरिनुपर्ने, ट्याक्सी सट्टाभर्नामा बजार प्रतिस्पर्धा नगराई लगाइएको एकाधिकार तोकिनुपर्ने, निजी दुई तथा चार पाङ्ग्रे सवारी साधनहरूले भाडामा मान्छे ओसार्ने काम बन्द गर्नुपर्ने उनीहरूको माग छ ।

सङ्घर्ष समितिका संयोजक पपिन्द्र बाराकोटी मगरले अस्थायी बाटो इजाजत ९पटके० अनलाइन वा २४ सैं घण्टा खुल्नेगरि उपत्यकाको सबै नाकाबाट दिईनुपर्ने लगायतको माग पनि आफूहरूको रहेको बताए । ट्याक्सीसहित सडकमा आएका उनीहरुले राजधानीमा आफ्नो मागपत्र समेटिएको प्लेकार्ड बोकेर प्रदर्शन गरेका थिए ।

# खेलकुद

## तेह्रौं पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन




काठमाडौं– तीन पटकका बिजेता एपिएफका प्रिन्स दाहाल र ललितपुरकी रसिला महर्जनले लिनिङ १३ औं पुष्पलाल स्मृति राष्ट्रिय र्याङ्किङ्ग ब्याडमिन्टन प्रतियोगितामा सोमबार बिजयी सुरुआत गरेका छन् ।

नेपाल नब्बर एक खेलाडी प्रिन्सले लिगको पहिलो खेलमा नेपाल पुलिसका सुनील जोशीलाई २१-११, २१-११ ले पराजित गरे । नम्बर एक खेलाडी रसिलाले मोरङकी सीमा राजबशीलाई २१-१२, २१-१४ ले हराइन् ।

नेपाल ब्याडमिन्टन संघको शीर्ष ८ वरीयताका खेलाडीबीच भएको प्रतिस्पर्धामा पुलिसका जीवन आचार्यले एपीएफका बिजित थापा मगरलाई २१-१४, २१-१३, ललितपुरका प्रफुल महर्जनले पुलिसका दीपक बोहरालाई २१-१३, २१-१५ र एपिएफका देवराज रानाले पुलिसका बिष्णु कटुवाललाई २४-२२, २१-१३ ले पराजित गरे ।

महिलातर्फ त्रिभुवन आर्मी क्लबकी अनुमाया राइले सर्लाहीकी निकिता लामालाई २१-१०, २१-१२, आर्मीकी अमिता गिरीले एपिएफकी शोभा गौचनलाई २१-१०, २५-२३ र भोजपुरकी नङ्गशल तामाङ्गले पुलिसकी निता लम्साललाई २१-१५, २१-१८ ले पराजित गरे ।

राष्ट्रिय ब्याडमिन्टन संघ नेपालको आयोजनामा भएको प्रतियोगिता चन्द्रागिरिस्थित महांकाल ब्याडमिन्टन क्लबको कभर्डहलमा भएको हो । प्रतियोगिताको चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले उद्घाटन गरे । प्रतियोगितालाई खेल सामाग्री उत्पादक लिनिङले प्रायोजन गरेको छ ।

## महिला हक्कीमा आर्मी विजयी



काठमाडौं– नेपाल आर्मीले प्रथम मदन भण्डारी कप राष्ट्रिय महिला हक्की प्रतियोगितामा सोमबार विजयी सुरुवात गरेको छ ।

जनकपुरमा भइरहेको प्रतियोगितामा आर्मीले आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीलाई ३-१ गोलले पराजित गर्‍यो । आर्मीका डमरा भट्टले २ र निलिमा पाण्डेले १ गोल गरे । मदन भण्डारीकी 'प्लेयर अफ द म्याच' सपना मण्डलले १ गोल गरिन् ।

अन्य खेलमा कोशी प्रदेश र लुम्बिनी प्रदेशले सफलता पाए । कोशीले मधेश प्रदेशलाई ३-२ गोलले हरायो । कोशीकी सुप्रिया टिगाले २ तथा 'प्लेयर अफ द म्याच' हर्सिता कनौजियाले १ गोल गरे । मधेशका लागि प्रीति र शुभम्ले गोल गरे । लुम्बिनीले बागमती प्रदेशमाथि ५-० को सहज जित रच्यो । लुम्बिनीका 'प्लेयर अफ द म्याच' अनन्य बर्नवालले ह्याट्रिक गरिन् भने अर्चना साहिब र अर्टिकुलरकुमार बर्मायडले समान १-१ गोल थपे ।

प्रतियोगिताको पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरिन् । प्रतियोगितामा कर्णाली बाहेक ६ प्रदेश, आर्मी र आयोजकसहित ८ टिम सहभागी छन् ।

विजेताले १ लाख ५० हजार, उपविजेताले १ लाख र तेस्रो हुनेले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई ५ हजार प्रदान गरिने छ । प्रतियोगिता फागुन १९ सम्म चल्ने छ ।

## एनभीए राष्ट्रिय भलिबल चैतमा

काठमाडौं– नेपाल भलिबल संघको आयोजनामा आठौं आरबीबी/एनभीए राष्ट्रिय पुरुष तथा महिला भलिबल प्रतियोगिता चैत ३ देखि हुने भएको छ ।

नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले सोमबार आयोजित पत्रकार सम्मेलनमा पुरुषमा १२ र महिलामा ९ टिमको सहभागिता रहने बताए । टिम दर्ताको अन्तिम मिति फागुन २५ सम्म रहेको छ ।

विजेताले ५ लाख, उपविजेताले २ लाख ५० हजार र तेस्रो हुनेले १ लाख २५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट पुरुष/महिला खेलाडीलाई जनही ४० हजार नगद पुरस्कार प्रदान गरिने छ ।

विधागत ६ उत्कृष्ट खेलाडीलाई जनही १५ हजारबाट पुरस्कृत गरिने छ । यसै प्रतियोगिताबाट एनभीए लिगका लागि पुरुषमा ८ र महिलामा ६ टिमको छनोट गरिने अध्यक्ष चन्दले बताए ।

पत्रकार सम्मेलनमा मुख्य प्रायोजक राष्ट्रिय वाणिज्य बैंक र आयोजक भलिबल संघबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । बैंकका कार्यकारी प्रमुख किरणकुमार श्रेष्ठ र अध्यक्ष चन्दले सम्झौतापत्रमा हस्ताक्षर गरे । मुख्य प्रायोजनवापत बैंकले संघलाई १८ लाख रुपैयाँ दिनेछ । प्रतियोगितालाई बैंकले मुख्य प्रायोजन गरेको लगातार छैटौं वर्ष हो ।

आयोजकका अनुसार प्रतियोगिता सञ्चालन गर्न करिब ५५ लाख रुपैयाँ खर्च हुनेछ । आठ दिने प्रतियोगिताका खेलहरु त्रिपुरेश्वरस्थित राखेप

# चैत ९ भित्र फेवातालका संरचना मर्मत गरिसकिने

पोखरा । सर्वोच्च अदालतको फैसला अनुसार फेवाताल मापदण्ड भित्रका संरचना हट्छन् भन्ने प्रश्नमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको जवाफ छ- अहिले म धेरै कुरा भन्दिनँ, सम्मानित अदालतले दिएको समयभित्रै काम सक्छौं ।

मुख्यमन्त्री पाण्डे फेवाताल मापदण्ड कार्यान्वयनका लागि गठन भएको सहजीकरण समितिको संयोजक पनि हुन् । सर्वोच्चले चैत ९ गतेको समयसीमा तोकेर मापदण्ड 'क्लियर' गर्न निर्देशनात्मक आदेश दिएको छ ।

मापदण्ड कार्यान्वयनका लागि सर्वोच्च अदालतले तोकेको म्याद सकिन १ महिना पनि बाँकी छैन । मुख्यमन्त्री पाण्डेले जति विश्वासका साथ मापदण्ड क्लियर हुने कुरा गरेका छन्, काम गर्न भने त्यति सजिलो छैन ।

६५ मिटरभित्र कति संरचना छन् र कति हटाउनुपर्छ भन्ने यकिन विवरणसमेत सरकारसँग छैन । सर्वोच्चको फैसलामा ६ महिनाभित्र संरचना हटाएर हरियाली बनाउन भनिएको छ । गत असोजमा फैसलाको पूर्ण पाठ आएपछि मङ्सिरमा सहजीकरण समिति गठन भएको हो । समितिले आन्तरिक काम सकिएको दाबी गरेको छ ।

'आन्तरिक काम सकियो । मापदण्ड कार्यान्वयन गरेरै जाने भन्ने छ,' समितिका एक सदस्यले भने । मापदण्डभित्रको संरचना भत्किन्छन् त भन्ने प्रश्नमा उनले भने, 'अहिले नै ट्वाक्कै भन्न मिल्दैन । काम भइसकेपछि नतिजा देखिन्छ ।'

समितिमा पोखरा महानगरका प्रमुख धनराज आचार्य, जिल्लामा रहेका सुरक्षा निकायका प्रमुख, कास्कीका प्रमुख जिल्ला अधिकारी लगायतका सदस्य छन् । समितिले हालसम्म ३ वटा बैठक बसेर विभिन्न निर्णय गरेको छ । समितिले सीमाङ्कनका लागि उपसमिति गठन गरेको छ । गंगालाल पोखरेल नेतृत्वको प्राविधिक समितिले फिल्डवर्कको काम थालेको छ ।

सुरुमा ६५ मिटरको चार किल्ला छुट्याउने र त्यसपछि दुषित जग्गा खोजी गर्ने समितिका सदस्यसमेत रहेका मेयर धनराज आचार्यले बताए ।

'२०३१ पछिका कित्ता छुट्याउने र पोलको पोइन्ट निश्चित गर्ने भनेर लागेका छौं,' उनले भने, 'टेक्निकल टिमले काम गर्दैछ । निकै ध्यान दिएर काम गर्नुपर्ने छ । यसबारेमा थप बोल्ने बेला भएको छैन । केही प्रगति भएपछि पत्रकार सम्मेलन नै गरेर जानकारी गराउँछौं ।'

उनले फेवाताल जोगाउन संघ, प्रदेश र स्थानीय तह एकजुट रहेको बताए । तालबारे विभिन्न समयमा विभिन्न अध्ययन भए पनि कुनै अध्ययनको प्रतिवेदन कार्यान्वयन भएको छैन ।

अन्तिममा पुण्य पौडेल नेतृत्वको उच्चस्तरीय समितिले दिएको प्रतिवेदन कार्यान्वयन उन्मुख छ । समितिकै सिफारिस अनुसार सरकारले २०७७ चैत १७ गते राजपत्रमा तालको क्षेत्रफल ५.७२६ वर्ग किलोमिटर रहेको सार्वजनिक गरेको थियो



। त्यसअघि तालको क्षेत्रफल १० वर्गकिलोमिटर रहेको विवरण पनि पढ्न पाइन्छ । तर फेवाताल १० वर्गकिलोमिटर क्षेत्रफलमा कहिल्यै नरहेको जानकारहरू बताउँछन् ।

पौडेल प्रतिवेदनले फेवातालभित्र पर्ने १ सय ३३ रोपनी जग्गा व्यक्तिले भोगचलन गरिरहेको उल्लेख गरेको थियो भने तालको १ हजार ६ सय १० रोपनी जग्गा व्यक्तिको नाममा दर्ता भएको विवरण निकालेको छ ।

६५ मिटरभित्र के के छन् ?

पोखरा महानगरपालिकाले नापी कार्यालय कास्कीको सहयोगमा तयार पारेको प्रतिवेदनले ६५ मिटरभित्र स्थायी र अस्थायी गरी ४ सय ९३ संरचना रहेको देखाएको छ । महानगरले ६५ मिटर, ३० मिटर र ३५ मिटरको छुट्टाछुट्टै अध्ययन गरेको हो ।

प्रतिवेदन बनाएकै ३ वर्ष बितिसक्यो भने यसबिचमा संरचना पनि थपिएका छन् । तत्कालीन मेयर मानबहादुर जिसीले २०७७ साल भदौ २९ गते उक्त प्रतिवेदन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएका थिए । ६५ मिटरमा २ सय ४५ वटा संरचना स्थायी छन् भने बाँकी २ सय ४८ संरचना अस्थायी छन् ।

प्रतिवेदनअनुसार मापदण्डभित्र १२ सय रोपनी जग्गा व्यक्तिगत जग्गा छ । मालपोत मूल्यअनुसार मुआब्जा दिए १० अर्ब र चलनचल्तीमा मुआब्जा दिँदा ४० अर्ब रुपैयाँसम्म लाग्ने प्रतिवेदनमा उल्लेख छ । तर अदालतले २०३२ सालपछि व्यक्तिका नाममा दर्ता भएका जग्गाको मुआब्जा दिन नपर्ने फैसला गरेको छ ।

२०३२ अघिको मात्रै मुआब्जा दिँदा खर्च कम लाग्ने महानगरले जनाएको छ । तर जग्गाधनीहरूले भने २०३२ सालमै नयाँ नापी भएकाले उक्त जग्गा वैधानिक भएको दाबी गरेका छन् । सर्वोच्चको फैसला अनुसार मापदण्ड कायम गर्दा करिब १ हजार ७ सय संरचना क्षतिपूर्ति नै नदिई हटाउनुपर्ने अवस्थामा छ ।

२०१८ मा बाँध निर्माण भएपछि तालको पानी सीमाबाट ६५ मिटरभन्दा बाहिरको जग्गालाई मात्र मुआब्जा दिनुपर्ने फैसला छ । '३२ सालमै नापी भएको छ । त्यतिबेलाको नापी नमान्ने हो भने देशभरिका जग्गा अवैध छन्, सबै खारेज हुनुपर्छ,' जग्गाधनीहरू भन्छन्, 'यस्तो सोलोडोलो आदेश दिएर हुँदैन । शतकौंदेखि बाबुबाजेले चर्चेका जमिन हामीले अंशबण्डा र भोगचलन गरेका हौँ । अहिलेसम्म तिरो तिरेका छौं । यसै खारेज गर्ने भन्ने हुन्छ ?'

निजीसँगै दर्जन सरकारी संरचना ६५ मिटरको मापदण्डभित्र पर्छन् । पोखरा महानगरपालिकाको शिक्षा महाशाखादेखि प्रहरी तालिम केन्द्र, नेपाल पर्यटन बोर्ड, तत्कालीन राजाले बनाएका रत्नमन्दिर र हिमागृह लगायत भवन त्यहाँ छन् । केदारेश्वर मन्दिर, फिस्टेल लज, वाटरफ्रन्ट रिसोर्ट पनि मापदण्डमा पर्छन् ।

महानगरले बनाएको प्रतिवेदनमा मापदण्ड ३० मिटरमा झार्दा राज्यलाई कम क्षति हुने र तालको प्रयोग सबैले गर्न पाउने उल्लेख छ । त्यसकै आधारमा महानगरको ५५औं कार्यपालिका बैठकले फेवासहित पोखराका सबै तालको मापदण्ड घटाउने निर्णय गरेको थियो ।

फेवाको मापदण्ड ३० मिटरमा झारिएको थियो भने रुपा र बेगनासको ५५ तथा अन्य तालको २० मिटर मापदण्ड कायम गरिएको थियो । सर्वोच्चमा उक्त निर्णयविरुद्ध मुद्दा पर्‍यो र मापदण्ड पुरानै कायम भयो । फेलातालमा पहिलो पटक २०१८ सालमा पहिलो पटक बाँध बाँधिएको थियो । २०३१ सालमा बाँध फुटेपछि तालले चर्चेको जमिन व्यक्तिले पहुँचका भरमा (केही बाहेक) आफ्नो नाममा दर्ता गरेका हुन् । बाँध फुटेपछि नापीको टोली खटिएकाले तालको जग्गा व्यक्तिले आफ्ना नाममा दर्ता गरेका विभिन्न प्रतिवेदनहरूमा उल्लेख छ ।

३८ सालमा अर्को बाँध बनेपछि व्यक्तिले दर्ता गरेका जमिन तालभित्र परेका छन् । तत्कालीन समयमा पश्चिमाञ्चल क्षेत्रीय सिँचाइ निर्देशकको संयोजकत्वमा मालपोत, नापी र अञ्चलाधीशको प्रतिनिधिको समितिले अध्ययन गरेर त्यस्ता जग्गाको लालपुर्जा खारेज गर्न सुझाव दिएको पौडेल प्रतिवेदनमा उल्लेख छ । तत्कालीन जलश्रोत मन्त्री पशुपति शमशेर जबरा, डीपी अधिकारी र यादवप्रसाद पन्तले लालपुर्जा खारेज गर्ने निर्णय गरे पनि उक्त निर्णय मालपोत कार्यालयमै गायब गरिएको र दुषित जग्गालाई वैधानिकता दिएको देखिन्छ ।

छोरीलाई पनि छोरा सरह स्कुल पढ्न पठाऔं

जन हितमा जारी सन्देश

### नेपाल इन्जिनियरिङ...

पृष्ठ १ बाट जारी

...कलेजमा सिभिल एण्ड रुरलका अजय यादव, अञ्जली पाण्डे, संगीता रानाभाट, सागर दुलाल, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशनका ध्रुव पाण्डे, अनिलकुमार यादव, सिभिल विडिएचका कल्पना मिश्रा, ज्ञानमान श्रेष्ठ, निराजन लामिछाने, रामबहादुर बुढा, सिभिल इन्जिनियरिङकी आस्था ढुंगाना, सुष्मी श्रेष्ठ डीन लिस्टमा परेका थिए । त्यस्तै, कम्प्युटर इन्जिनियरिङका रोजन दाहाल, सुरज काकी, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्सका जयप्रकाश महतो, आर्किटेक्टका हिमाल रोकाया, निलिमा थापा, शौरभी बर्मा शाख पनि डीन लिस्टमा परेका थिए ।

स्नातकोत्तर तर्फ कन्ट्रक्सन म्यानेजमेन्टका दिनेश घिमिरे, रविन खड्का, मनिराम भट्टराई, मनोजकुमार साह, प्रकाश केसी, इन्टरडिस्पिनली वाटर रिसोर्स म्यानेजमेन्टका निलम थापा, रस्मिता काकी र ट्रान्सपोटेसन इन्जिनियरिङ एण्ड मेनेजमेन्टका योगेशकुमार सिंह, जिगेशप्रसाद चौधरी, विबेकबाबु लामिछाने, रोमहर्ष ओली डीन लिस्टमा परेका थिए ।

सामाजिक शैक्षिक संस्थाको रुपमा जिल्ला प्रशासन कार्यालय भक्तपुरमा दर्ता भई पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपाल इन्जिनियरिङ कलेज इन्जिनियरिङ विधाका लागि विश्वविद्यालयबाट सम्बन्धन लिएका कलेज मध्येकै उत्कृष्ट कलेजका रुपमा परिचित छ ।

सवारी साधन व्यवस्थापनका लागि अनुरोध

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

## अन्तराष्ट्रिय समाचार

### मिसाइल आक्रमणमा कम्तीमा ६० रुसी सैनिकको मृत्यु



डोनेट्स्क- पूर्वी युक्रेनमा गरिएको दुईवटा मिसाइल आक्रमणमा कम्तीमा ६० रुसी सैनिकको मृत्यु भएको छ । रिपोर्टका अनुसार यी सैनिकहरू रुसले कब्जा गरेको भागको प्रशिक्षण क्षेत्रमा उपस्थित थिए ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उनका रक्षामन्त्री सर्गेई शोइगुबीच भएको भेटवार्ताभन्दा केही घण्टाअघि यो आक्रमण भएको हो । बैठकमा सर्गेई शोइगुले केही मोर्चामा रुसको सफलताको दाबी गरे । उनले हालै कब्जा गरेको अद्वविका क्षेत्रको बारेमा पनि कुरा गरेका थिए । यद्यपि, उनले डोनेट्स्क क्षेत्रमा भएको घटनाको उल्लेख गरेनन् ।

रुसी सेनाको ३६औँ मोटराइज्ड राइफल ब्रिगेडले आफ्नो मेजर जनरल ओलेग मोइसेभलाई ट्रुडोभस्के गाउँ नजिकैको तालिम केन्द्रमा पर्खिरहेको बेला घटना भएको रिपोर्टहरूमा बताइएको छ । आक्रमणबाट बचेका एक सिपाहीले घटनापछि बनाइएको भिडियोमा ब्रिगेड कमाण्डरले उनीहरुलाई खुला आकाशमुनि खडा गरेका थिए । त्यति नै बेला कथित रूपमा दुईवटा मिसाइलहरू त्यहाँ खसे, जुन अमेरिकी निर्मित एचआईएमएआरएस प्रक्षेपण प्रणालीबाट प्रहार गरिएको थियो ।

### माल्टामा डुंगा पल्टिँदा ५ जनाको मृत्यु, ८ घाइते



काठमाडौं – उद्धार कार्यको क्रममा माल्टाको किनारमा आप्रवासी डुंगा पल्टिँदा पाँच जनाको मृत्यु भएको छ । साथै आठ जना घाइते भएको माल्टाको सशस्त्र बल (एएफएम) ले जनाएको छ ।

करिव ७ दशमलव ६ मिटर लामो र दुईवटा मोटरबाट सञ्चालित उक्त डुंगामा सिरिया, इरिट्रिया, घाना र इजिप्टका ३४ जना यात्रु बोकेर भूमध्यसागर पार गर्दै थिए । डुंगा करिव ३.५ नटिकल माइल (६.५ किलोमिटर) पुगेपछि घटनास्थलमा एएफएम विमान पठाइएको थियो । एक एएफएम जहाज घटनास्थलमा पठाइएको थियो तर उद्धार कार्यको क्रममा डुंगा पल्टिएको बताइएको छ । घटनाको छानबिन जारी छ ।

### चर्चित गजल गायक पंकज उदासको निधन



काठमाडौं – चर्चित गजल गायक पकंज उदासको निधन भएको छ । लामो समयदेखि बिरामी रहेका उदासको सोमबार निधन भएको उनकी छोरी नायाब उदासले सामाजिक सञ्जालमार्फत जानकारी दिएकी छिन् । पंकज उदास ७३ वर्षका थिए ।

बुवाको मृत्युको पुष्टि गर्दै नायाबले लेखेकी छिन्, 'निकै दुःखका साथ तपाईंहरूलाई यो खबर सुनाउँदै छौं कि पद्मश्री पंकज उदासको २६ फेब्रुअरी २०२४ मा निधन भएको छ । उहाँ लामो समयदेखि बिरामी हुनुहुन्थ्यो ।'

इन्डियन एक्सप्रेसका अनुसार पंकज उदासको सोमबार बिहान ११ बजेतिर ब्रिच क्यान्डी अस्पतालमा निधन भएको हो । उदासका 'चिठ्ठी आयी है'(नाम), 'ना कजरे की धार'(मोहरा), 'चाँदी जैसा रंग', 'एक तरफ उसका घर', 'जिये तो जिये कैसे', 'तेरे बिना जिना' र 'अहिस्ता' चर्चित गीतहरू छन् । पंकज उदासका श्रीमती फरिदा उदास र छोरीहरू नायाब र रेभा छन् ।

# महाशिवरात्रिको दिनमा रिलिज हुने चलचित्र 'रङ्गेली' को ट्रेलर सार्वजनिक



काठमाडा- फागुन २५ गते महाशिवरात्रिको दिनमा रिलिज हुने चलचित्र 'रङ्गेली□ को ट्रेलर रिलिज गरिएको छ । बुधवार काठमाडौँमा एक कार्यक्रमका बिच रिलिज गरिएको ट्रेलरमा 'डर र शक्तिको खेल□ को दृश्य देखाइएको छ ।

चलचित्रका प्रमुख कलाकार सबै अटेको ट्रेलरले तराई क्षेत्रमा घटेका विविध घटनाहरू र आयामहरूलाई दृश्य मार्फत देखाउने कोसिस गरेको छ । कार्यक्रममा फिल्मका लेखक तथा निर्देशक अर्जुन सुवेदी 'रङ्गेली□ दर्शकले चाहेका जस्तो चलचित्र बनाउने कोसिस गरेका बताए ।

अभिनेता रुपेश झाले 'रङ्गेली□ ले तराईको कथा मात्र नभनी त्यहाँको संस्कृति पनि झल्काउने बताए । अभिनेता प्रवीण खतिवडाले चलचित्र बनाउनु र रिलिज गर्नु सहज नभएको बताउँदै दर्शकको साथको अपेक्षा गरेको जनाए । फिल्ममा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको अभिनय छ ।

चलचित्रका गीतहरूमा हर्क साउद, अर्जुन सुवेदी र सबिन एकतारेको शब्द तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको सङ्गीत छ । चलचित्रका कार्यकारी निर्माता जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन । निर्माताहरू संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन भने युवक काकी र शिव शङ्कर चौलागाईं सह-निर्माता हुन ।

विवेक खड्का ९योलो० एशोसियट निर्माता हुन । चलचित्रका छायाकार सुशन प्रजापति हुन ।

# 'आनी छोइङ डोल्मा –Mission Impossible' निफको ओपनिङ फिल्म

काठमाडौं- आनी छोइङ डोल्माको जीवनी प्रेरित डकुमेन्ट्री 'आनी छोइङ डोल्मा : नथिङ इम्पोसिबल□ नेपाल इन्टरनेसनल फिल्म फेस्टिभल ९निफ०को ओपनिङ फिल्म रहने भएको छ । फेस्टिभल अध्यक्ष केपी पाठकले जेनिफर लिन र सान बाई निर्देशित डकुमेन्ट्री महोत्सवको उद्घाटनसँगै देखाइने फिल्मको रुपमा रहने जानकारी गराएका छन ।

आनीको सांगीतिक यात्रा, भिक्षु जीवन र समाजसेवालाई डकुमेन्ट्रीले प्रस्तुतिको विषय बनाएको छ । तर निर्देशक लिनले डकुमेन्ट्री आनीको स्वतन्त्रताको खोजीको रुपमा केन्द्रित रहेको बताएकी छिन ।

हङकङको सिटी युनिभर्सिटीमा आम सञ्चारकी प्राध्यापक लिनले आनीलाई ७ वर्ष पछ्याएर यो डकुमेन्ट्री तयार गरेकी हुन । सन २०१० मा गरिबीमा हुर्किएका बालिकाको शिक्षाको लागि आनीले स्थापना गरेको आर्यतारा स्कुलको भ्रमणपछि डकुमेन्ट्री बनाउने सोच पलाएको र यसको ५ वर्षपछि काम थालेको लिनले अन्तर्वातारहुमा बताएकी छिन ।

७ वर्ष लगाएर बनाएको डकुमेन्ट्री अहिले विश्वका फिल्म फेस्टिभलमा आकर्षणको केन्द्र रहँदै आएको छ । डकुमेन्ट्रीले गत साल वार्सा इन्टरनेसनल फिल्म फेस्टिभलमा




एसियन प्यासिफिक अडियन्स अवार्ड र नेटप्याक अवार्ड जितेको थियो ।

डकुमेन्ट्री निफमा पनि माउन्ट एभरेस्ट अवार्डका लागि प्रतिस्पर्धामा रहेको छ । यो विधामा देश विदेशका १३ वटा डकुमेन्ट्री प्रतिस्पर्धामा रहेका छन । विजेता चलचित्रले १ हजार नगद राशिको माउन्ट एभरेस्ट अवार्ड प्राप्त गर्नेछन ।

चैत १ देखि ५ गतेसम्म चल्ने चलचित्र महोत्सवमा यो साल ४० देशका ८८ फिल्म प्रदर्शन हुँदैछन । प्रतिस्पर्धामा रहेका फिल्मको प्रदर्शनसँगै महोत्सव अवधिभर फिल्म निर्माणका विभिन्न विधासँग सम्बन्धित रहेर कार्यशाला, छलफल र अन्तर्क्रियाका कार्यक्रम पनि आयोजना गरिने पनि आयोजकले जनाएको छ । महोत्सवमा प्रदर्शन हुने चलचित्र क्यूएफएक्स सिनेमाका शाखाहरु सिभिल मल,लबिम मल, भक्तपुर र छायाँ सेन्टरका हलमा प्रदर्शन हुनेछन ।

# मानव बेचबिखनमा आधारित डकुमेन्ट्री फिल्म 'फ्रम द स्याडोज' काठमाडौंमा प्रदर्शन

काठमाडौं- मानव बेचबिखनमा आधारित डकुमेन्ट्री फिल्म 'फ्रम द स्याडोज काठमाडौंमा प्रदर्शन भएको छ । इम्पल्स एनजीओ नेटवर्कले काठमाडौंमा मानव बेचबिखन बारे डकुमेन्ट्री 'फ्रम द स्याडोज वृत्तचित्र प्रदर्शन गरेको हो ।

मानव बेचबिखन तथा शोषण विरुद्ध जनचेतना जगाउने र कारबाही गर्न उत्प्रेरित गर्ने उद्देश्यले यसको प्रदर्शन गरिएको थियो ।

इम्पल्स एनजीओ नेटवर्कको कन्ट्री पार्टनर मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल, नेपाल इन्टरनेट फाउन्डेसन, सनवे कलेज, सेन्ट जेभियर कलेजको सहकार्यमा वृत्तचित्र प्रदर्शन गरिएको थियो । सो कार्यक्रममा सनवे कलेज र सेन्ट जेभियर्सका विद्यार्थी तथा शिक्षकहरू समेत सहभागी भएका थिए ।

कार्यक्रममा प्यानल सेसन समेत भएको थियो । सेसनमा वक्ताका रूपमा मरियम चण्डी मेनाचेरी, लिपाशा श्रेष्ठ, मीना शर्मा र ट्याटुम स्ट्रिट रहेका थिए ।

कार्यक्रममा मानव अधिकार सञ्चार प्रतिष्ठान नेपालकी मिना शर्माले नेपालमा मानव अधिकार बारे थप चेतना र कामको थालनी गर्नुपर्ने बताइन ।

यस्तै नेपाल नेपाल इन्टरनेट फाउण्डेशनका अध्यक्ष विक्रम श्रेष्ठले मानव बेचबिखन विरुद्धको अभियानमा योगदान पुयाउने सबै सहयोगी तथा सहभागीहरुलाई धन्यवाद दिदै यसको सचेतना फैलाउन र सकारात्मक परिवर्तनका लागि काम गर्नुपर्ने बताए ।

# साहित्यकार तिलकप्रकाशको मेरो कथा मेरो व्यथा र कृतिहरूका भूमिका सार्वजनिक

■ राजेश दिदिया



भक्तपुर- उमेरले नब्बेको हाराहारीमा पुग्नुभएका साहित्यकार तिलक प्रकाशका दुई कृति एकै साथ विमोचन भएका छन । लामो समय देखि लेखनलाई नै जीवन साथी बनाउँदै आउनुभएका तिलक प्रकाशको आत्मकथा मेरो कथा मेरो व्यथा र उहाँका विभिन्न कृतिहरूका भूमिका समेटिएको पुस्तक एकै साथ विमोचन भएको हो । भक्तपुरको दूधपाटीस्थित तिशा इन रेस्टुरेन्टमा तिशा ट्रस्टले आयोजना गरेको एक कार्यक्रमबिच लेखक तिलक प्रकाशका दुई कृतिहरू 'मेरो कथा, मेरो व्यथा र 'तिलक प्रकाशका कृतिहरूका भूमिका नामक दुई कृति विमोचन क्रमशः पूर्व सभामुख दमननाथ ढुङ्गाना र नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमल निभाले गर्नुभएको हो ।

कार्यक्रममा पूर्व सभामुख ढुङ्गानाले नेपालको राजनीतिक क्षेत्रमा तिलक प्रकाशको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो । उहाँले राजनीतिक रूपमा निष्ठावान व्यक्ति भएर पनि छलछामको राजनीति गर्न नजान्दा पछि परेको उल्लेख गर्दै साहित्यिक कर्मले तिलक प्रकाशको छवि उच्च बनेको चर्चा गर्नुभयो ।

उहाँले साहित्यका र तिलक प्रकाशको जीवनका साथै विभिन्न लेख र विचारहरूबाट वर्तमान राजनीतिक व्यक्तिहरूले पाठ सिक्नुपर्नेमा जोड दिनुभयो । उहाँले अहिलेको राजनीतिमा इमान हराउँदै जाँदा राजनीतिप्रति नै नयाँ पुस्ताको वितृष्णा बढिरहेको कारण राजनीतिक दलका नेताहरू सुध्रिनुपर्ने चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवम् साहित्यकार विमल निभाले लेखक तिलक प्रकाशको साहित्य उँचो रहेको बताउनुभयो । उहाँले तिलक प्रकाशलाई राजनीतिले भन्दा साहित्यले परिचित बनाएको उल्लेख गर्दै उहाँको नवीनतम कृतिका साथै वीर ग्रन्थ नामक पुस्तकबाट आफू ज्यादै प्रभावित भएको उल्लेख गर्नुभयो । उहाँले लेखक तिलक प्रकाशमा राजनीतिक मात्र नभएर ऐतिहासिक चेत समेत रहेकाले वीरहरूको जीवनी लेखन गरेर नेपाली साहित्यमा ठुलो योगदान दिएको जनाउनुभएको थियो ।

कार्यक्रममा अर्का लेखक एवम् चिन्तक ओमचरण अमात्यले लेखक तिलक प्रकाशको व्यक्तित्व र कृतित्वको चर्चा गर्दै आफ्नो पुस्तकमार्फत जनाएको अभिव्यक्तिप्रति राजनीतिक दलहरू र नेपालीहरू सचेत हुनुपर्ने जनाउनुभयो ।

कार्यक्रममा सञ्चारकमी सन्जिब दुलाललाई तिशा इनले लेखन वृत्ति समेत प्रदान गरेको थियो । तिशा इनले हरेक वर्ष भक्तपुरको कला, साहित्य, संस्कृति, लेखन विधामा क्रियाशील व्यक्ति तथा सङ्घसंस्थालाई आर्थिक सहयोग गर्दै आइरहेको छ । सोही सिलसिलामा यस वर्ष पत्रकार दुलाललाई नगद पचास हजार पाँच रुपैयाँ प्रदान गरिएको तिशा इनका सञ्चालक प्रशान्त कायस्थले बताउनुभयो ।


कार्यक्रममा लेखक तिलक प्रकाशले आफूले जीवनमा भोगेका, अनुभव गरेका विषयहरूलाई समावेश गरी आत्मवृत्तान्त लेखेको बताउनुभयो । कार्यक्रममा उहाँले सो पुस्तकका साथै अन्य पुस्तकहरू प्रकाशनमा सहयोग गर्ने अगिब बनेपानी र सुमि बनेपालीलाई सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा तिशा ट्रस्टका रन्जन कायस्थले पुस्तक प्रकाशन गर्नुको कारणबारे उल्लेख गर्दै आगामी दिनमा पनि विभिन्न साहित्यिक गतिविधि गर्ने बताउनुभयो ।

८९ वषीय लेखक एवं साहित्यकार तिलक प्रकाशका ८ वटा नेपाल भाषाका र ८ वटा नेपाली भाषाका विभिन्न पुस्तकहरू प्रकाशन भई सकेका छन । हालका दिनमा समेत दैनिक १८ घण्टा सम्म पुस्तकमा नै रमाउने कायस्थका प्रकाशित कृतिहरूमा योमरी उक्ति सङ्ग्रह, धनमाया लघु खण्डकाव्य, यौन ज्ञान मनोविज्ञान, नगःजः निबन्ध सङ्ग्रह, ख्वबि झसुका शोक काव्य, वयागु हाथ्या कथा सङ्ग्रह, उत्सर्ग कविता सङ्ग्रह, परिवार नियोजन के हो किन कसरी, यौन ज्ञान मनो विज्ञान, शारदा शोक काव्य, लक्ष्मण रेखा निबन्ध सङ्ग्रह, झुक्न नजानेको राष्ट्रवादी नेता बिपी कोइराला, वीर ग्रन्थ ६० सपूतहरूको गाथा लगायतका पुस्तक प्रकाशन भई सकेका छन । दैनिक जसो कलम कापीलाई नै साथी बनाएर बस्ने तिलक प्रकाशका दैनिक पत्रपत्रिका तथा विभिन्न अन्य पुस्तक तथा जर्नल एवं पत्रपत्रिकामा लेख रचनाहरू प्रकाशित हुँदै आएका छन ।

# 'जीवगाथा' लिएर आए ददि सापकोटा

काठमाडौं- वातावरण, प्रकृति र जीवजन्तुका विषयमा चासो राख्ने लेखक एवम् पत्रकार ददि सापकोटाको नयाँ कृति 'जीवगाथा' लोकार्पण गरिएको छ । काठमाडौँको नेपाल प्रज्ञा-प्रतिष्ठानमा शनिबार आयोजित विशेष कार्यक्रममा वन्यजन्तुविद् राजेन्द्र सुवाल र लेखक ददि सापकोटाले पुस्तक लोकार्पण गरेका हुन् ।कार्यक्रममा वन्यजन्तुविद् राजेन्द्र सुवालले प्रकृति एवम् जीवजनावरसम्बन्धी पुस्तक कम लेखिएको र त्यसमा ददि सापकोटाको 'जीवगाथा' विशेष रहेको बताए । जीवजनावरका आनीबानी र क्रियाकलाप सरल किसिमले लेखिएको यो पुस्तकको महत्त्व पनि रहेको उनको भनाइ छ । मान्छेको समाजमा भन्दा धेरै वन्यजन्तुको समाजमा रमाउने अनि तिनलाई साथी बनाउने, तिनका कथाव्यथा बुझ्ने, तिनका आनीबानी र स्वभावलाई पछ्याएर रमाइलो किसिमले लेख्ने स्वभाव ददि सापकोटाको रहेको लेखक अमर न्यौपानेको भनाइ छ । 'ददिजीको लेख्ने तरिका रमाइलो छ । पशुपन्छीका तिनका यौनजन्य स्वभावलाई विशेष किसिमले पस्किने उहाँको लेखन मलाई मन पर्छ,' उनले भने । वर्षौंअघि चितवनको सौराहामा बसेर पथप्रदर्शक बन्दा आफू प्रकृतिका विविध पक्षसित मोहित भएको र त्यसले आफूलाई बिस्तारै जीव-जनावर आदिमा आकर्षित गरेको लेखक ददि सापकोटाले बताए । 'सौराहामै बसेर पर्यटकलाई प्रकृतिको रसस्वादन गराउँदै जाँदा मलाई थाहा भयो– कोटेरो चराको बिहे हुन निकै गाह्रो रहेछ । जाडोयाम लाग्नासाथ भालेहरु हतारिएर उड्दै तराईतिरका अग्ला रूखमा बाघकाने टोपी जस्ता गुँड बनाउन हतार गर्दा रहेछन्,' उनले भने, 'जसले सुन्दर, राम्रो, पानी ओत्ने, बचेरा हुर्काउन सजिलो हुने गुँड बनायो, पोथी उसैसित फकिने रहेछ । हतारिँदै निकै दिन लगाएर खाइनखाई



बनाएको गुँड मन नपराइदिएपछि पोथीको मन जित्न भालेले फेरि अर्को गुँड देखाउने, गुँड बनाइसकेपछि त्यसको छतमा उभिएर प्यारी, मेरो गुँड हेर्न आइदेऊ न भन्दै बिलौना गर्ने गर्छन् । यति गर्दा पनि पोथीले मन नपराइदिएपछि भाले हेरेको हेर्‍यै हुन्छन् । पोथी जति अन्य सिपालु भालेले ओगटिसकेका हुन्छन् । त्यसैले कुनै कुनै भाले त्यो यामभरि पोथी नपाएरै जिल्ल पर्छन् ।'

यस्ता विविध पक्षबाट आफू आकर्षित भएको र सबै मानिसमा नपुगेको जानकारी पुस्तकमार्फत दिन 'जीवगाथा' लेखेको लेखक सापकोटाको भनाइ छ । 'जुँगा-दाह्री चट्ट पार्ने, तेल घसेर कपाल लरक्क लर्काउने र स्त्रीलाई आकर्षित गर्ने स्वभाव चरा र अन्य जीवमा पनि हुने रहेछ,' उनी भन्छन्, 'मानव समाजमा जस्तै जीवजन्तुमा पनि बलात्कारीहरूले स्त्रीलाई दुःख दिने रहेछन् । तिनलाई तह लगाउने पहलमान पनि हुने रहेछन् । चोरीचकारी अनि लुकीचोरी मायाप्रेम त जीवजन्तुले पनि गाँस्ने रहेछन् ।'प्रकृतिका अनेक रहस्यमय पाटा खोज्दाखोज्दै, तिनको रसास्वादन गर्दागर्दै आफू यस पटक 'जीवगाथा'मा आइपुगेको उनले जनाए । 'प्रकृतिका यस्तै रहस्यमय, कौतूहलपूर्ण विषयबारे वनको 'वैभव पुस्तक' लेखिसकेको मैले यस पटक थप जीवजन्तुका रोचक आनीबानी, कौतूहलपूर्ण व्यवहार र लुकेका पाटा समेटेर जीवगाथा पस्किएको छु,' उनले भने, 'मलाई विश्वास छ, यस पुस्तकले पनि पाठकलाई वन, जीवजन्तुको गाथा वा समग्रमा प्रकृतिका थप रहस्य खोतल्न मद्दत गर्नेछ ।'

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २९, २०८० साल फागुन १५ गते मंगलबार (Feb 20, 2024)

# टेलिकमले देशका सबै विमानस्थलमा फ्रि वाइफाई उपलबध गराउने, क्यानसँग गऱ्यो सम्झौता



काठमाडौं- नेपाल टेलिकमले देशभित्र सञ्चालनमा रहेका सबै विमानस्थलमा फ्रि वाइफाई इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ ।


यस सम्बन्धमा टेलिकम र नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) बीच शुक्रबार सम्झौता भएको छ । सम्झौतापत्रमा टेलिकमका तर्फबाट प्रमुख व्यावसायिक अधिकृत विनिता श्रेष्ठ र क्यानका उपमहानिर्देशक जगन्नाथ निरौलाले हस्ताक्षर गरेका छन ।

देशभर हाल ३४ विमानस्थल सञ्चालनमा छन । सम्झौता अनुसार, टेलिकमले त्रिभुवन विमानस्थलको अन्तर्राष्ट्रिय र आन्तरिक टर्मिनलतर्फ आगमन र प्रस्थान कक्षमा फ्रि वाइफाई नेटवर्क जडान गर्नेछ । अन्य विमानस्थलमा समेत चरणबद्ध रुपमा फ्रि वाइफाई इन्टरनेट सेवा सञ्चालन गर्ने सम्झौतामा उल्लेख छ ।

फ्रि वाइफाई नेटवर्क सेवा सञ्चालन तथा व्यवस्थापनका लागि उपकरण जडान गर्न आवश्यक उपयुक्त स्थान क्यानले उपलब्ध गराउने छ ।

यात्रुहरुलाई सुविधा हुने गरी मोबाइल चार्जिङ स्टेसन राख्ने स्थान समेत क्यानले उपलब्ध गराउने छ । विमानस्थलभित्र यात्रुलाई सजिलो हुने गरी उपयुक्त स्थानमा टेलिकमले सूचना तथा सहायता कक्ष राख्नेछ ।

# सेरेस गाडीको सञ्जाल विस्तार




काठमाडौं- रुपन्देहीको कालिकानगरमा सेरेस गाडीको शोरुम खोलिएको छ । नेपालमा सेरेस ईभीको आधिकारिक वितरक एमएडब्लू वृद्धि अटोकर्पले ईएम मोटर्ससँगको साझेदारीमा कालिकानगरमा शोरुम खोलेको हो ।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद अर्याल, नाडा रुपन्देहीका अध्यक्ष गणेश भट्टराई, एमएडब्लू वृद्धि अटोकोर्पका बिजनेस हेड प्रशन्न पन्त, ईएम मोटसका डाइरेक्टर राजेश घिमिरे लगायतले शोरुमको उद्घाटन गरे ।

कम्पनीले बृटबलमा थ्री एस (सेल्स, सर्भिस र स्पेयर पार्टस) को सेवा दिने गरी शोरुम खोलिएको जनाएको छ ।

सेरेस गाडीको शोरुम उद्घाटन गरिंदै

शोरुम उदघाटनका अवसरमा ईएम मोटर्सले एकजना ग्राहकलाई सेरेस थ्री इभी गाडी हस्तान्तरण गरेको छ ।

# नवलपरासी पूर्वमा एसेम्बली प्लान्ट बनाउँदै सीजी

काठमाडौं- चौधरी ग्रुप अन्तर्गतको सीजी मोटर्सले हिरोको एसेम्बली प्लान्ट निर्माण गर्न प्रारम्भिक वातावरणीय परीक्षण 'आईईई' गरेको छ । हिरोको नेपालका लागि नयाँ आधिकारिक बिक्रेता बनेसँगै सीजी मोटर्सले हिरोको बाइक नेपालमा बनाउन एसेम्बली प्लान्ट निर्माण गर्न लागेको हो ।

उक्त आईईई अनुसार कम्पनीले सीजी फ्युचर फ्याक्ट्री प्रालिको नाममा नवलपरासी बर्दघाट सुस्ता पूर्वमा रहेको देवचुली नगरपालिकाको दुम्कीमा एसेम्बली प्लान्ट निर्माण गर्न प्रस्ताव गरिएको थियो । सो स्थान सीजी इन्डष्ट्रियल पार्क क्षेत्रमा निर्माण तथा संचालन गर्न लागिएको हो ।

कम्पनीले गरेको आईईई अनुसार ४ विघा १६ कट्ठा १० धुर जग्गा लिजमा लिएर हिरो ब्रान्डको स्कुटर र बाइक नेपालमा नै निर्माण गर्न लागिएको हो ।

कम्पनीले वार्षिक ३० हजार युनिट स्कुटर र बाइक एसेम्बली गर्ने योजना बनाएको छ । कम्पनीले १६५ जनालाई रोजगारी दिने पनि उक्त आईईई प्रतिवेदनमा उल्लेख छ । उद्योगको फलाम, जस्तापाता, प्रिफ्याव प्यानल जस्ता सामग्रीहरु प्रयोग गरि एक तले भवन निर्माण गर्ने योजना रहेको छ ।

यससँगै आवश्यक कच्चा पदार्थ भारत तथा अन्य देशबाट आयात गरि उक्त फ्याक्ट्रीमा एसेम्बली गरि बिक्री गर्ने योजना कम्पनीको छ । कम्पनीले आईईईको सुनुवाई यही २० गते गर्ने योजना समेत बनाएको छ ।

केही समय अगाडि मात्र हिरो ज्योति ग्रुपबाट सिजीमा गएको हो । त्यही अनुसार कम्पनीले अबको केही महिनामा उक्त बाइकहरु एसेम्बल गरेर बजारमा ल्याउन लागेको हो ।

# बीवाइडीले ल्यायो सस्तो मूल्यमा डल्फिनको नयाँ मोडल 'अनर एडिसन'



काठमाडौं- विद्युतीय गाडी उत्पादक चिनियाँ कम्पनी बीवाइडीले डल्फिनको नयाँ मोडल बजारमा ल्याएको छ ।

कम्पनीले यसअघिको मोडलको भन्दा १४ प्रतिशत कम मूल्य राखेर नयाँ मोडल सार्वजनिक गरेको हो । कम्पनीले यसलाई अनर एडिसन भनेको छ ।

डल्फिनको नयाँ मोडलको मूल्य १३ हजार ८६५ अमेरिकी डलर राखिएको छ । यसअघिको मोडलमा मूल्य १७ हजार ३०० देखि १९ हजार डलर थियो ।

पुरानो मोडल नेपाली बजारमा ३९ लाख ८० हजार रुपैयाँमा कारोबार भइरहेको छ । नयाँ मोडल यो भन्दा सस्तोमा पाइनेछ । बीवाइडीले इन्धन सवारीसँग प्रतिस्पर्धा गर्न डल्फिनको नयाँ मोडल सस्तो मूल्यमा बजारमा ल्याएको बताएको छ ।

कम्पनीका अनुसार गाडीको पावरट्रेनमा पनि केही परिवर्तन गरिएको छ । नयाँ गाडीमा मोटर पावर ७० र १३० किलोवाट छ । ४५ किलोवाट आवर क्षमताको ब्याट्रीले फुल चार्जमा ४२० किलोमिटर रेन्ज प्रदान गर्छ ।

साथै, अर्को भेरियन्टमा रहेको ३२ किलोवाट आवरको क्षमताको ब्याट्रीले ३०२ किलोमिटर रेन्ज दिन्छ । यस्तै, ६० किलोवाट आवर क्षमताको ब्याट्री प्याकले फुल चार्जमा ५२० किलोमिटर रेन्ज प्रदान गर्छ ।

इन्टेरियरतर्फ पनि केही परिवर्तन गरिएको छ । यसमा भेन्टिलेटेड फ्रन्ट सिट, ५० वाटको वायरलेस फोन चार्जिङ प्याड र नयाँ टाइप-सी चार्जिङ पोर्ट छ ।

रियर प्राइभेसी ग्लास पनि छ । यो गाडीको अर्को विशेषता बिल्ट-इन ईटीसी प्रणाली हो । यस्तै, १२.८ इन्च फ्लोटिङ रोटेटेबल स्क्रिन र ५ इन्च एलसीडी इन्स्ट्रुमेन्ट क्लस्टर छ ।

यसको सबैभन्दा ठूलो सुधार भनेको पछाडिको सस्पेन्सन हो । अब यसमा युरोपियन एडिसनमा जस्तै इन्डिपेन्डेन्ट सस्पेन्सन सिस्टम उपलब्ध छ ।

गाडीको बाहिरी भागमा कुनै परिवर्तन गरिएको छैन ।

# नेपालमा टाटा इभीको मूल्य नघट्ने




काठमाडौं- टाटाका विद्युतीय गाडीहरुको मूल्य भारतमा घटेपछि नेपाली बजारमा के हुन्छ भन्ने चासोमाझ आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले मूल्य तत्काल नघटेको बताएको छ ।

सिप्रदीले भारतमा मूल्य समायोजन गरिएका टाटा नेक्सन के ३ र टियागो इभी मिडियम रेञ्ज नेपालमा आउनै बाँकी रहेको जनाएको छ ।

टियागो इभीको भेरियन्टको मूल्य भारतमा जम्मा १५ हजार मात्र घटेको र उक्त गाडी आफूले नाडा अटो सो देखि नै 'इन्ट्रोडक्टरी' मूल्यमा उपलब्ध गराइरहेको कम्पनीले बताएको छ ।

भारतमा मूल्य बढाइँदा पनि आफूले पुरानै मूल्यमा गाडी उपलब्ध गराएको भन्दै सिप्रदीले हाललाई टियागो इभीको मूल्य यथावत नै रहने स्पष्ट पारेको छ ।

अहिले नेपाली बजारमा टाटा टियागो लङ रेन्ज २५ लाख ४९ हजारदेखि २७ लाख ९९ हजार तथा नेक्सन इभी ४५ लाख ९९ हजार रुपैयाँमा बिक्री भइरहेको छ ।

# एमके र एमके मोटो ब्रान्डका टु ह्विवर पाटर्स नेपालमा उपलबध गराउने घोसणा




काठमाडौं- भारतको प्रतिष्ठित व्यावसायिक समूह एबी ग्रुपले नेपाली बजारमा एमके र एमके मोटो ब्रान्डका टु ह्विवर पाट्र्स उपलब्ध गराएको घोषणा गरेको छ । नेपाली बजारमा पहिले देखि नै विभिन्न ब्रान्डका टु ह्विलर पाट्र्स उपलब्ध गराउँदै आएको पौडेल इन्टरप्राइजेजले अब यी ब्रान्डका पाट्र्स समेत उपलब्ध गराउने छ ।

एक कार्यक्रमका बिच एबी ग्रुप र पौडेल इन्टरप्राइजेजले व्यापारिक साझेदारीको घोषणा गरेका छन । रिटेलर गेट टुगेदर नाम दिइएको सो कार्यक्रममा एमके र एमके मोटो ब्रान्डका विभिन्न पाट्र्स समेत सार्वजनिक गरियो ।

एबी ग्रुपका म्यानेजिङ डाइरेक्टर ऋषभ भण्डारी, एमके अटोमोटिभ इन्डियाका नेसनल सेल्स एड्भाइजर एसबीएम तिवारी, एचआर हेड पंकज चौहान र सिनियर एडमिन अफिसर खालिद सिद्दिकी तथा पौडेल इन्टरप्राइजेजका अध्यक्ष तथा म्यानेजिङ डाइरेक्टर नारायण प्रसाद पौडेल (राजन) ले पाट्र्स सार्वजनिक गरे ।

एबी ग्रुपका म्यानेजिङ डाइरेक्टर ऋषभ भण्डारीले सन् १९५९ देखि नै विभिन्न मोडलका स्पेयर पाट्र्स उपलब्ध गराउँदै आएको एबी ग्रुपले नेपाली बजारमा पहिलो पटक आफ्नो ब्रान्ड उपलब्ध गराएको र सधै गुणस्तरीय उत्पादन उपलब्ध गराउने कम्पनीको मान्यतालाई आगामी दिनमा समेत सदैव पालना गर्ने बताए । भारतमै उत्पादन हुने प्रतिष्ठित ब्रान्ड भएको र यसका लागि विश्व स्तरका विभिन्न कम्पनीसँग प्राविधिक सहकार्य समेत गरेकाले गुणस्तरीय उत्पादन उपलब्ध गराउन सहयोग पुगेको उनले बताए ।

पौडेल इन्टरप्राइजेजका अध्यक्ष तथा म्यानेजिङ डाइरेक्टर नारायण प्रसाद पौडेल ९राजन० ले विगत २५ वर्ष देखि दुई पांग्रे सवारी साधनका लागि आवश्यक स्पेयर पाट्र्स उपलब्ध गराइरहेको र अब थप गुणस्तरीय उत्पादन एकै छानामुनि उपलब्ध गराउने उद्देश्यका साथ एमके ब्रान्ड रोजेको बताए । विगत ६ महिना देखि नै यो ब्रान्ड आफूले परीक्षण गरिरहेको र विभिन्न अध्ययन समेत गरेर यही ब्रान्डसँग सहकार्य गर्ने निर्णय गरेको उनले बताए ।

पौडेल इन्टरप्राइजेजका डाइरेक्टर राजीव पौडेलले नेपाली बजारमा राम्रो उत्पादन उपलब्ध गराएको र व्यवसायीहरुबाट सधैं जस्तै साथ र सहयोग पाउने अपेक्षा गरे ।

एबी ग्रुप अन्तर्गतको एमके अटोमोटिभले उत्पादन गर्ने एमके र एमके मोटो ब्रान्डका गुणस्तरीय इनर क्लच, क्लच एसेम्बली, क्लच हब प्लस सेन्टर, क्लच प्लेट, ब्रेक शु, क्लच शु र डिस्क ब्रेक जस्ता फ्रिक्सन प्रोडक्ट पौडेल इन्टरप्राइजेजले उपलब्ध गराउने छ । सबै ब्रान्डका दुई पांग्रे सवारी साधनमा लाग्ने यी स्पेयर पाट्र्स गुणस्तरीय भएको कम्पनीको भनाइ छ । 'मोबिलिटी सोलुसन्स□ स्लोगनका साथ कम्पनीले विश्वका विभिन्न देशमा आफ्ना उत्पादन उपलब्ध गराउदै आएको छ ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस